# सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिंग फर्महरूको संस्थाको विधान, २०४७

प्रस्तावना

विकास प्रगतिको क्रमसित प्राविधिक लगायत सबै क्षेत्रमा दक्ष परामर्श सेवाको बढ्दो आवश्यकताको परिप्रेक्ष्यमा ठूलो संख्यामा खडा भएका, परामर्शदात्री फर्महरूको व्यवसायीक हक, हित, अधिकार र कर्तव्यको संरक्षण तथा संवर्द्धन गर्न एक सुसंगठित संस्था वान्छनीय भएकोले, नेपालको प्रचलित कानून बमोजिम 'रजिस्टर्ड' हामी सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरूको मिति २०४७/५/८ मा बसेको सभाले सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरूको संस्थाको यस विधानलाई सर्वसम्मतिले पारित गरेका छौं ।

धारा १ संक्षिप्त नाम र प्रारम्भ

१.१ यस विधानको नाम "सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरूको संस्थाको विधान २०४७" रहेको छ ।

१.२ 'यो विधान' मिति २०४७/६/४ देखि लागू भएको छ ।

धारा २ संस्थाको नाम, ठेगाना तथा छाप

२.१ संस्थाको नाम :

संस्थाको नाम "सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरूको संस्था" रहेको छ । अंग्रेजीमा यसलाई "Society of Consulting Architectural and Engineering Firms" नामाकरण गरी छोटकरीमा (SCAEF) मानिनेछ । यो संस्था अविच्छीन्न उत्तराधिकारवाला, स्वशासीत र संगठित संस्था हुनेछ ।

२.२ संस्थाको ठेगाना :

संस्थाको मुख्य कार्यालय काठमाडौंमा उपत्यकामा रहने छ र प्रचलित ऐन कानुनका अधिनमा रही आवश्यकता अनुसार

नेपाल अधिराज्य भित्र अन्य ठाउँमा यसका शाखा प्रशाखा खोल्न सकिने छन् ।

२.३ संस्थाको छाप :

संस्थाको आफ्नो कामको लागि एउटा छुट्टै छाप हुनेछ । यस छापको आकार गोलाकार हुनेछ- जसभित्र सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरूको संस्था २०४७ नेपाल र अंग्रेजीमा Soiety of Consulting Architectural and Engineering Firms NEPAL र 1990 लेखिएको हुनेछ । यसको नमूना यस विधानको अनुसूची २ मा उल्लेख गरिएको छ ।

धारा ३ **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा बाहेक यस विधानमा :

३.१ **"संस्था"** भन्नाले यस विधान अन्तरगत संगठित सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरूको संस्था (Society of Consulting Architectural and Engineering Firms) छोटकरीमा (SCAEF) लाई जनाउने छ ।

३.२ **"विधान"** भन्नाले संस्थाको विधान सम्झनु पर्छ ।

३.३ **"नियम"** वा **"उप नियम"** भन्नाले यस विधान अन्तरगत बनेका नियम वा उप-नियमलाई जनाउने छ ।

३.४ **"तोकिए बमोजिम"** वा **"तोकिएको"** भन्नाले यस विधान र विधान अन्तर्गत बनेका नियम र उप-नियममा तोकिएको कुरालाई जनाउनेछ ।

३.५ **"आर्किटेक्ट"** वा **"इन्जिनियर"** भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल, इन्जिनियरिङ्ग, सर्वेक्षण, भौगर्भिक शास्त्र, वा अन्य आर्किटेक्चरल अथवा इन्जिनियरिङ्ग विषयमा स्नातक उपाधी वा सो भन्दा माथिल्लो उपाधी प्राप्त व्यक्तिलाई जनाउने छ ।

३.६ **"फर्म"** वा **"कम्पनी"** भन्नाले नेपालका प्रचलित कानून बमोजिम श्री ५ को सरकार उद्योग विभाग वा कानून बमोजिम

तोकिएको अन्य कुनै निकायमा आर्किटेक्चरल तथा इन्जिनियरिङ्ग परामर्श सेवा प्रदान गर्ने उद्देश्यले दर्ता भएका व्यापारिक संगठन, कम्पनी वा फर्मलाई सम्झनु पर्दछ ।

३.७ **"सदस्य"** भन्नाले यस संस्थाका सदस्यलाई जनाउने छ । यस संस्थाका सदस्य व्यक्ति नभई संगठन, फर्म वा कम्पनि हुनेछ । व्यक्तिले फर्म वा कम्पनिको आधिकारीक प्रतिनिधित्व गर्नेछ ।

३.८ **"समिति"** भन्नाले यस संस्थाको कार्यकारिणी समिति भन्ने जनाउँछ ।

३.९ **"आर्थिक वर्ष"** भन्नाले संस्थाको आर्थिक वर्ष भन्ने जनाउँछ । यो विधान बमोजीमको आर्थिक वर्ष ग्रेगोरियन क्यालेण्डर अनुसार जनवरी १ तारिखमा शुरू भई डिसेम्बर ३१ तारिखमा समाप्त हुनेछ ।

३.१० **"साधारण सभा"** भन्नाले सदस्य संगठन, फर्म वा कम्पनीको एक एक जना निर्देशक भएको साधारण सभालाई जनाउँछ । फर्म वा कम्पनीका अन्य निर्देशकहरू (Members of Board of Directors / Proprietors / Partners) ले पनि भाग लिन सक्नेछन् तर मत दिने अधिकार एक जना आधिकारिक प्रतिनिधिलाई मात्र हुनेछ ।

धारा ४ उद्देश्य

यस संस्थाका उद्देश्यहरू निम्न लिखित हुनेछन् :

४.१ नेपाली कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिंग फर्महरूको व्यवसायीक तथा पेशागत विकास तथा उत्थानमा प्रोत्साहन दिने तथा तिनीहरूको हक, हित, अधिकार, कर्तव्य तथा सुविधाको संरक्षण तथा सम्वर्धन गर्ने गराउने ।

४.२ परामर्श सम्वन्धी आदर्शको संरक्षण गर्ने, अनुशासित ढंगले परामर्श सेवा परिचालन गराउन सहयोग गर्ने तथा परामर्शदात्री फर्महरू बीच अनुशासित साथै स्वच्छ प्रतिस्पर्धाको बातावरण सृजना गर्ने, तथा गर्न सहयोग पुऱ्याउने ।

४.३ विदेशी परामर्शदात्रीहरू माथि नेपालले पर्नुपर्ने निर्भरता कमगर्ने हेतुले राष्ट्रिय वा अन्तराष्ट्रिय क्षेत्रको सहयोगबाट नेपाल अधिराज्यभित्र संचालित विकास परियोजनाहरू सकेसम्म बढि रूपमा स्थानीय परामर्शदात्रीहरू सम्मिलित हुन सक्ने वातावरण बनाउने र सो निम्ति प्रयास गर्ने साथै 'टेक्नोलोजी ट्रान्सफर' निमित्त स्वदेशी विज्ञलाई सुसंगठीत र संचालीत गरी परामर्श सेवामा आत्मनिर्भरता ल्याउने वा सो ल्याउनेतर्फ प्रयास गर्ने ।

४.४ स-साना संगठन वा फर्महरूलाई पनि ठूल्ठूला योजनामा संलग्न गराई परामर्श सेवा दिन सक्षम गराउने । त्यस्ता फर्महरूलाई संयुक्त रूपमा सहभागी भै काम गर्न प्रोत्साहन र प्रेरणा दिने ।

४.५ संस्थाका उद्देश्य सित मेल खाने अन्य विदेशी संघ संस्थासित संयुक्त 'एफिलियट्' हुने र अन्तर्राष्ट्रिय परामर्शसेवा फेडरेशन समेतको सदस्यता प्राप्त गर्ने ।

४.६ नेपालको आर्थिक विकासमा टेवा पुर्‍याउन स्वदेशी परामर्शदात्री संस्थाहरूलाई प्रोत्साहन गर्ने वातावरण श्रृजना गर्ने ।

४.७ संस्थाको उद्देश्य प्राप्तिको निम्ति सघाउ पुग्ने र संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष लाभ पुग्ने अन्य कुरासंग सम्बन्धित कार्यपनि गर्ने ।

## धारा ५ कार्यहरू

संस्थाले देहायका कामहरू गर्नेछ :

५.१ समय समयमा सदस्यहरू भेला गराउने, आफ्ना विचार एक आपसमा आदान प्रदान गर्ने, परामर्शसेवा तथा सो सेवासित संवद्ध समस्याहरूको छलफल गर्ने तथा निवारण गर्ने, पेशागत उत्थान र राष्ट्रिय उत्थानका दृष्टिमा परामर्श सेवाको भूमिकाको एक आपसमा छलफल तथा बोध गराउने र कन्सल्टेण्टहरू बिच सद्भावना र सहयोगको वातावरण पैदा गराउने ।

५.२ परामर्श सेवा सम्बन्धि 'कोड आफ कन्डक्ट्स' (आचार संहिता) तर्जुमा गरी लागु गर्ने र सो भए नभएको अनुगमन मुल्याङ्कन गर्ने ।

५.३ परामर्श सेवाको बढ्दो मागका दृष्टिमा यसैसित मात्रै सम्बन्धित छुट्टै कानूनी व्यवस्था लागू गर्नुपर्ने कुरा श्री ५ को सरकार र सम्बन्धित अन्य निकायहरूमा सुझाव दिने र सो लागू गराउने तर्फ कारबाही गर्ने । प्रयास

५.४ परामर्श सेवाको वास्तविक महत्व र आवश्यकता तथा पेशाको सही भूमिका बारे जनमानसमा निरन्तर प्रकाश पार्ने ।

५.५ आचार संहिता तथा पेशागत चेतनाको ठोस बोध तथा वृद्धि गराउन कन्सल्टेन्ट्स फर्महरूलाई सहयोग पुऱ्याउने ।

५.६ परामर्श सेवा सम्बन्धि करार सम्झौता गर्दा श्री ५ को सरकारका विभिन्न निकायहरूले अपनाउँदै आएका परस्पर विरोधाभाषि करार सम्झौतामा सुधार र विकास गर्ने गराउने तथा 'स्टैण्डर्ड' करार सम्झौता तयार गरी सम्बन्धित क्षेत्रहरूमा लागु गर्न सघाउने ।

५.७ परामर्श सेवा सम्बन्धमा सदस्यहरु बीच समझदारी बढाउनुका साथै अनुशासन कायम गराउन प्रयत्न गर्ने ।

५.८ नेपाल अधिराज्यभित्रका सम्पूर्ण सरकारी विकास परियोजनाहरूमा काम गर्ने विदेशी परामर्श दात्री कम्पनी वा फर्महरूले बाध्यात्मक रूपले नेपाली परामर्शदात्री फर्महरूलाई सहभागी गराउनु पर्ने तथा त्यस्तो विदेशी परामर्शदात्रीहरूको प्राविधिक प्रतिनिधित्व नेपाली परामर्शदात्री फर्मबाट हुनुपर्ने व्यवस्थाका निमित्त आवश्यक प्रयास गर्ने ।

## धारा ६ सदस्यता तथा सदस्यको अधिकार र कर्तव्य

६.१ सदस्यको योग्यता, परिभाषा र प्रतिनिधित्व :

संस्था केवल नेपाली ग्रेजुएट आर्किटेक्ट वा इन्जिनियर (SCAEF बाट स्वीकृत) द्वारा कार्यकारीणाको हैसियतले संचालित परामर्शदात्री फर्म वा कम्पनीलाई मात्र सदस्यता प्रदान गर्ने गरी सीमित गरिएको छ । तदनुसार मानार्थ सदस्यतामा बाहेक वैयक्तिक रूपमा र नेपालका प्रचलित कानून अनुसार रीत पूर्वक दर्ता नभएका परामर्शदात्रीको संस्थालाई सदस्यता दिइने छैन । उक्त फर्म वा कम्पनिको कम्तीमा एक (१) जना

निर्देशक/प्रोप्राइटर/पार्टनर (Director/Proprietor/Partner) पुरा समय (Full Time) सो फर्म वा कम्पनीमा काम गर्ने हुनु पर्छ । सदस्य फर्म वा कम्पनीको आधिकारिक प्रतिनिधित्व पुरा समय काम गर्ने एकजना निर्देशकले मात्र गर्न सक्नेछ । पुरा समय काम गर्ने भन्नाले विहान ८.०० बजे देखि बेलुकि ६.०० बजे सम्म (शनिवार वाहेक) हप्ता दिन काम गर्दा कम्तीमा ४० घण्टा काम गर्ने गरेको हुनुपर्छ ।

सदस्य फर्म वा कम्पनीका अन्य निर्देशकहरूले साधारण सभा र विशेष साधारण सभामा भागलिन पाउनेछन् । तर मतदानमा भाग लिन पाउने छैनन् ।

६.२ सदस्यताको लागि आवेदन दिने व्यवस्था :

सदस्य वन्न चाहने संगठन, फर्म वा कम्पनीले अनुसूची ३ मा उल्लेखीत ढाँचा अनुसारको विवरण खुलाई संस्थाको अध्यक्षलाई संबोधन गरी तोकिएको आवेदन शुल्क सहित आवेदन दिनु पर्ने छ । सो आवेदनमा कम्तीमा दुइ जना साधारण सदस्यहरू समर्थक हुनु पर्नेछ ।

६.३ सदस्यता प्राप्ती :

आवेदन पर्न आएपछि कार्यकारिणी समितिको आगामी बैठकले त्यस आवेदन माथी बिचार गरी उपस्थित सदस्यहरूको बहुमतले आवेदकलाई सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नेछ । सदस्यता प्रदान गर्ने निर्णय भएमा निर्णय भएको मितिदेखि पन्ध्र (१५) दिन भित्र सदस्यता शुल्क बुझाई सक्नु पर्ने छ र सदस्यता शुल्क बुझाएको मितिदेखि सदस्यता कायम हुनेछ । तोकेको अवधि भित्र सदस्यता शुल्क नतिरेमा पुनः नयाँ आवेदन पत्र दिनु पर्नेछ ।

६.४ सदस्यका किसिम :

सदस्यहरू निम्न प्रकारका हुनेछन :-

(क) साधारण सदस्य
(ख) आजिवन सदस्य
(ग) मानार्थ सदस्य

(क) साधारण सदस्य :

दफा ६.३ बमोजिम कार्यकारिणी परिषदबाट स्वीकृत भएको आवेदक यस संस्थाको साधारण सदस्य हुनेछन् ।

(ख) आजीवन सदस्य :

कम्तीमा पाँचबर्ष अघि दर्ताभई कामको अनुभव भएका कम्पनी वा फर्मले आजीवन सदस्यका लागि आवेदन गर्न पाउनेछन् । आवेदन परि कार्यकारिणी समितिले आजीवन सदस्य दिन उचित ठहऱ्याएमा त्यस्ता सदस्यले तोके बमोजीम अग्रिम शुल्क बुझाउनु पर्नेछ । साधारण सदस्य वा संस्थापक सदस्य नभै आजिवन सदस्य बन्न पाइने छैन ।

(ग) मानार्थ सदस्य :

यस संस्थाको हित र सम्वर्धनको लागि असाधारण योगदान दिने कुनै विशेष व्यक्ति वा संस्थालाई कार्यकारिणी समितिको निर्णयले मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ । यस्ता सदस्यहरूलाई मतदान दिने अधिकार भने हुने छैन ।

६.५ सदस्यको अधिकार :

(क) प्रत्येक सदस्यले साधारण सभामा आफ्नो मन्तव्य व्यक्त गर्न, मतदान दिन, छलफलमा भाग लिन, संस्थाको कार्यकारिणी समितिका कुनै पनि पदमा उम्मेदवार हुन पाउने छन् ।

(ख) प्रत्येक सदस्यले यस संस्थाका तर्फबाट उपलब्ध हुने सुविधाहरू कार्यकारिणीले तोकिए बमोजीम उपलब्ध गर्न सक्नेछ ।

६.६ सदस्यको कर्तव्य :

संस्थाको भलो चिताउनु, अर्को सदस्यसित उच्च सद्व्यवहार गर्नु, विधानका व्यवस्थाहरूको राम्रो मनन तथा पालन गर्नु, समयमा शुल्क तथा आफुले बुझाउनु पर्ने अन्य सबै दायित्व पूरा गर्नु सदस्यहरूको कर्तव्य हुनेछ ।

६.७ सदस्यता गुम्ने अवस्थाहरू, पुनः सदस्यता प्राप्ती तथा कारवाही :

निम्न अवस्थामा सदस्यता गुम्नेछ :-

(क) सदस्यता प्राप्त गरेको परामर्शदात्री संस्था विघटन भएमा वा सम्बन्धीत काम गर्न मान्यता समाप्त भएमा ।

(ख) चालु वर्षको संस्थाको वार्षिक शुल्क विधान बमोजिम चुक्ता गरेको तर सदस्यताबाट राजिनामा दिई सो राजिनामा कार्यकारीणी समितिले स्विकृत गरेमा ।

(ग) वार्षिक शुल्क तथा अन्य कुनै बुझाउनु पर्ने रकम यस संस्थाबाट तोकेको मितिले २ महिना सम्म पनि चुक्ता नगरेमा चेतावनी दिइनेछ र चार महिना सम्ममा पनि भुक्तानी नगरेमा ।

(घ) यस विधानको मूलभूत आदर्श तथा उद्देश्य विपरित जानाजानी काम गरेमा वा संस्थाको अस्तित्वमै आघात पुग्ने कुनै कसूर गरेमा वा यस विधान अन्तर्गत बनेका नियम उपनियम वा आचार संहिता उल्लंघन गरेमा समेत निजको सदस्यता गुम्नेछ । तर कुनै पनि सदस्यलाई कारवाही गर्दा निजलाई स्पष्टिकरण दिने मौका नदिई कारवाहि गरीने छैन ।

यस दफाको उपदफा (ग) बमोजीम तिर्नु पर्ने रकममा पचास (५०) प्रतिसत थप समेत तिरि पुनः सदस्यताको लागि आवेदन दिएमा कार्यकारिणी समितिले सदस्यता प्रदान गर्न सक्नेछ ।

## धारा ७ सदस्यता शुल्क

७.१ प्रत्येक सदस्यले तोके बमोजीमको प्रवेश शुल्क कार्यकारीणी समितिबाट सदस्यता आवेदन पत्र स्वीकृती भएको पन्ध्र (१५) दिन भित्र बुझाई सक्नु पर्नेछ ।

७.२ प्रत्येक सदस्यले, आजीवन सदस्य बाहेक, सदस्यता वापत तोकिए बमोजीम वार्षिक सदस्यता शुल्क बुझाउनु पर्नेछ । यस्तो शुल्क प्रत्येक नयाँ वर्षको जनवरी महिना भित्र तिरी सक्नु पर्नेछ । त्यस आ.व.को अप्रिल महिना भित्र वार्षिक शुल्कमा २५ प्रतिशत थप जरिवाना समेत तिरी शुल्क बुझाउन सकिनेछ ।

७.३ आजीवन सदस्यता लिन चाहने सदस्यले तोके बमोजीम आजीवन सदस्यता शुल्क एकमुष्ट तिर्नु पर्नेछ ।

७.४ दफा ७.१, ७.२ र ७.३ मा उल्लिखित प्रवेश शुल्क, वार्षिक शुल्क, र आजिवन सदस्यता शुल्क घटबढ गर्नु परेमा संस्थाको साधारण सभाको निर्णयले मात्र गर्न सकिनेछ ।

७.५ पहिलो पटक सदस्यता लिएको सदस्यको वार्षिक शुल्क जुन आर्थिक वर्षमा सदस्यता लिएको छ त्यहि आर्थिक वर्षको डिसेम्बर महिना भित्र पुरा हुनेछ र नयाँ आर्थिक वर्षको लागि पुनः पुरा वार्षिक शुल्क तिर्नु पर्नेछ ।

## धारा ८ कार्यकारिणी समिति

८.१ कार्यकारिणी समितिको गठन :

संस्थाको दैनिक तथा अन्य कारोवारका लागि निम्नलिखित पदाधिकारी सहितको एक कार्यकारिणी समिति रहनेछ ।

| | | |
|---|---|---|
| अध्यक्ष | ---- ---- | १ |
| उपाध्यक्ष | ---- ---- | १ |
| महा-सचिव | ---- ---- | १ |
| सह-सचिव | ---- ---- | १ |
| कोषाध्यक्ष | ---- ---- | १ |
| सदस्यहरू | ---- ---- | ४ |
| | जम्मा : | ९ |

संस्थाको साधारण पदावधी समाप्त भएको कार्यकारी समितिका अध्यक्ष र महा-सचिव नयाँ कार्यकारिणी समितिको कुनै पदमा निर्वाचित नभएता पनि नयाँ कार्यकारिणी समितिमा पदेन सदस्य हुनेछन । यस्तो परिस्थितिमा कार्यकारिणी समितिमा पदाधिकारीहरू लगायत कूल ११ सदस्य हुनेछन् ।

श्री ५ को सरकार गृह मन्त्रालय जिल्ला प्रशासन

८.२ पदावधि र निर्वाचन :

कार्यकारिणी समितिहरूका पदावधि दुई (२) वर्षको हुनेछ । कार्यकारिणी समितिका पदाधिकारीहरू र सदस्यहरू सभाबाट एक सदस्य एक मतको आधारमा गोप्य मतदान प्रकृयाद्वारा चुनिने छन् ।

८.३ पुनः निर्वाचनको लागि उम्मेदवार हुने वारे व्यवस्था :

कार्यकारिणी पदबाट अवकाश पाएको वा पदावधी समाप्त भएको सदस्य पुनः निर्वाचनका निमित्त उम्मेदवार हुन बाधा पुगेको मानिने छैन । तर अध्यक्ष, उपाध्यक्ष तथा महासचिव पदमा लगातार एउटै पदमा दुई अवधि भन्दा बढी एउटै सदस्यले स्थान ग्रहण गरिरहन पाउने छैन । यस दफाको प्रयोजनको लागि सदस्य भन्नाले आधिकारिक प्रतिनिधित्व गरिएको फर्म वा कम्पनी समेतलाई जनाउँछ ।

८.४ कार्यकारिणी समितिको अधिकार :

आवश्यकता हेरी कार्यकारिणी समितिले संस्थाको विभिन्न क्रियाकलापको तर्जुमा तथा सफल कार्यान्वयनको निमित्त अस्थाई वा स्थायी उप-समितिहरू गठन गर्ने तथा कर्मचारीहरू नियुक्ती गर्न सक्नेछ ।

## धारा ९ साधारण सभा

साधारण सभा निम्नानुसार हुनेछ :-

९.१ वार्षिक साधारण सभा :

प्रत्येक वर्षको डिसेम्वर महिनामा वार्षिक साधारण सभा गरिने छ । वार्षिक साधारण सभाको सूचना प्रत्येक सदस्यलाई सभा बोलाउनु भन्दा कम्तीमा १५ दिन अगावै दिनु पर्नेछ । वार्षिक

साधारण सभामा अन्य आवश्यक कुराहरूको अलावा प्रगति विवरण, कार्यक्रम र आयव्ययको विवरणमा छलफल हुनेछ ।

६.२ विशेष साधारण सभा :

समितिका महा-सचिवले निम्नलिखित परिस्थितिमा कम्तीमा सात (७) दिनको अग्रिम सूचना दिई विशेष साधारण सभा बोलाउन सक्नेछ ।

(क) कार्यकारिणी समितिका सदस्यहरूको कम्तीमा ५१ प्रतिशत सदस्यहरूले विशेष साधारण सभा बोलाउने निर्णय गरेमा ।

(ख) कार्यकारिणी समितिका कुनै पदाधिकारी वा कार्यकारी सदस्यको विरूद्ध कार्यकारिणी समितिका पदाधिकारी वा कार्यकारी सदस्यगरि कम्तीमा पाँच (५) जनाले अविश्वासको प्रस्ताव ल्याएमा ।

(ग) संस्थाका सम्पूर्ण सदस्यको कम्तिमा एक तिहाई संख्याले विशेष साधारण सभा बोलाउनको लागि माग गरेमा ।

६.३ सभा बोलाउँदा खुलाउनु पर्ने कुराहरू :

साधारण वा विशेष साधारण सभा बोलाउँदा पटकै पिच्छे निम्न कुराहरू खुलाउनु पर्नेछ :-

(क) सभा हुने समय, ठाउँ र मिति
(ख) सभा बोलाउनु पर्ने कारण तथा छलफलका विषयहरू
(ग) अन्य कुनै कुरा भएमा सो पनि खुलाउने

६.४ सभा वा अन्य कुराको सूचना दिनेबारे :

सबै किसिमका सूचना सदस्यहरूलाई दिंदा निजको सबैभन्दा पछिल्लो ठेगानामा सकेसम्म छिटो माध्यमद्वारा पठाईने छ ।

६.५ सभाको अध्यक्षता :

सबै किसिमका सभा वा बैठकको अध्यक्षता संस्थाका अध्यक्षले गर्ने छन् र निजको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्ष पनि अनुपस्थित भएमा सभामा उपस्थित रहेका सदस्यहरूले प्रस्ताव

र समर्थन गरी निजहरू मध्येबाट कुनै एक सदस्यलाई सभापतिको आशन ग्रहण गर्न दिनु पर्नेछ ।

९.६ सभाले पूर्व निर्णय परिवर्तन गर्नसक्ने :

संस्थाको पहिलेको साधारण सभा वा विशेष साधारण सभाहरूमा पारित गरिएका निर्णयहरू निलम्बन गर्न, तीनमा अपरवण्डीत अथवा परिवर्तन गर्ने साधारण वा विशेष साधारण सभाले सक्नेछ ।

## धारा १० मत दिने तथा निर्णय दिने अधिकार

१०.१ मतदान र अध्यक्षको मतदान दिने अधिकार :

समितिका पदाधिकारी लगायत प्रत्येक सदस्यले एउटै मात्र मत दिन पाउने छन्, तर कुनै विवादमाथि दिइएको मत दुवै पक्षमा बराबरी पर्न आएमा अध्यक्ष वा अध्यक्षको अनुपस्थितिमा, अध्यक्ष सरह काम गर्ने अख्तियारवालाले निर्णायात्मक मत दिन पाउने छ ।

१०.२ मताधिकारबाट वञ्चित हुने व्यवस्था :

आर्थिक वर्षको दुई महिना वितिसक्दा पनि कुनै सदस्यको वार्षिक सदस्यता शुल्क भुक्तानी हुन बाँकी रहेमा त्यस्ता सदस्यहरूले कुनै साधारण सभा वा समितिको कुनै बैठकमा पनि मत खसाल्न वा दिन पाउने छैनन् ।

## धारा ११ कार्यकारिणी समितिको बैठक

११.१ सामान्य प्रकृया :

कार्यकारिणी समितिको बैठक अनिवार्यरूपमा कम्तीमा महिनाको एक पटक हुनुपर्नेछ, तर आवश्यकतानुसार अध्यक्ष वा समितिका कुनै ४ पदाधिकारीले माग गरेमा जुनसुकै समयमा पनि बैठक बोलाउन सक्नेछन् ।

११.२ कार्यकारिणी समितिको अधिकार :

कार्यकारिणी समितिले वार्षिक वा विशेष साधारण सभाले निर्दिष्ट गरेको नीति निर्देशन तथा तरिका अनुरूप संस्थाले कार्य

संचालन गर्नेछ । कार्यकारिणी समतिले संस्थाको कुनैपनि कारोवार गर्न (अन्यथा यस विधानका अन्य धाराले गर्न नहुने भनि ठहराएका कुरामा वाहेक) सक्नेछ ।

११.३ साधारण सभाको अधिकार :

साधारण सभाको वहुमतको निर्णय सर्वाधिकार सम्पन्न हुनेछ तथा कार्यकारिणी समितिले मान्नु पर्नेछ । तर संस्थाको विधानमा परिर्वतन ल्याउनु परेमा र कार्यकारिणी समिति वा त्यसका पदाधिकारीहरूलाई समितिबाट हटाउनु परेमा यस विधानमा स्पष्टरूपमा उल्लेखीत व्यवस्था वमोजिम हुनेछ ।

## धारा १२ सभाको गणपुरक संख्या

१२.१ साधारणसभा तथा विशेष साधारणसभाको गणपुरक संख्या :

संस्थाको साधारण सभा वा विशेष साधारण सभाको गणपुरक संख्या जम्मा सदस्यहरूको कम्तिमा तेत्तिस (३३) प्रतिशतले मानिने छ । तर धारा १६ बमोजीम यस विधानमा संसोधन गर्नु परेमा गणपुरक संख्या जम्मा सदस्यहरूको कम्तीमा पचास (५०) प्रतिसतले मानिनेछ ।

१२.२ कार्यकारिणी समितिको गणपुरक संख्या :

कार्यकारिणी समितिको बैठकको निम्ती समितिका कूल सदस्यको ५० प्रतिशत उपस्थिति भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

१२.३ गणपुरक संख्या नपुगेको सभा/बैठक मान्य नहुने :

गणपुरक संख्या नपुऱ्याई वा नपुगी बसेको बैठक वा साधारण सभा मान्य हुने छैन ।

१२.४ गणपुरक संख्या नपुगेको सभाको व्यवस्था :

यदि गणपुरक संख्याको अभावमा तोकिएको स्थानमा साधारण सभा संचालन हुन नसकेमा उक्त साधारण सभा अर्को २ हप्ताका निम्ति स्वतः पर सारेको मानिने छ । दुई हप्ता पछि

सो साधारण सभा संचालन गर्न गणपुरक संख्याको आवश्यकता पर्नेछैन ।

## धारा १३ पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

कार्यकारिणी समितिका देहाएका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजीम हुनेछ :-

१३.१ अध्यक्ष :

कार्यकारिणी समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजीम हुनेछ :-

(क) कार्यकारिणी समिति, साधारण सभा र विशेष साधारण सभाको बैठकको अध्यक्षता गर्ने तथा बैठक संचालन गर्ने ।

(ख) कार्यकारिणी समिति, साधारण सभा र विशेष साधारण सभाको बैठक हुने मिति, समय, स्थान र छलफल गर्ने विषयहरू तोक्ने ।

(ग) कार्यकारिणी समिति, साधारण सभा र विशेष साधारण सभाको बैठकमा मत भिन्नता भई मत बराबर भएमा निर्णयात्मक मत दिने ।

(घ) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधित्व गर्ने कुनै पदाधिकारी वा कार्यकारि सदस्यलाई तोक्ने ।

(ङ) कार्यकारिणी समितिले गर्नु पर्ने संपूर्ण कार्यहरूको रेखदेख गर्ने गराउने ।

१३.२ उपाध्यक्ष :

कार्यकारिणी समिति उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजीम हुनेछ :

(क) कार्यकारिणी समितिको अध्यक्षलाई संस्थाको कार्य सम्पादनमा सहयोग गर्ने ।

(ख) कार्यकारिणी समितिको अध्यक्षको अनुपस्थितिमा निजको सबै काम, कर्तव्य र अधिकारको पालन तथा प्रयोग गर्ने ।

१३.३ महा-सचिव :

महा-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजीम हुनेछ :-

(क) अध्यक्षको आदेश बमोजीम कार्यकारिणी समितिको बैठक बोलाउने ।

(ख) कार्यकारिणी समितिको निर्णय बमोजीम साधारण सभा तथा विशेष साधारण सभाको बैठक बोलाउने ।

(ग) कार्यकारिणी समिति, साधारण सभा तथा विशेष साधारण सभाको निर्णय प्रमाणीत गर्ने ।

(घ) कार्यकारिणी समिति, साधारण सभा तथा विशेष साधारण सभाको बैठकको छलफल तथा निर्णयहरूको अभिलेख राख्ने ।

(ङ) संस्थाको विधान, निति र उद्देश्य अनुरुप संस्थाको तर्फबाट लेखापढी गर्ने ।

(च) संस्थाको हितलाई ध्यानमा राखी अध्यक्षले तोकेको वा निजको अनुमती लिई अन्य आवश्यक काम गर्ने ।

१३.४ सह-सचिव :

सह-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजीम हुनेछ :-

(क) कार्यकारिणी समितिको महा-सचिवलाई संस्थाको कार्य सम्पादनमा सहयोग गर्ने ।

(ख) कार्यकारिणी समितिको महा-सचिवको अनुपस्थितिमा निजको सबै काम, कर्तव्य र अधिकारको पालन तथा प्रयोग गर्ने ।

१३.५ कोषाध्यक्ष :

कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजीम हुनेछ :-

(क) संस्थाको नगदी तथा जिन्सि मालसामानको जिम्मा लिई त्यसको हिसाव र श्रेस्ताको विवरण दुरूस्त राख्ने ।

(ख) संस्थाको आय व्ययको विवरण राख्ने ।

(ग) संस्थाको आय व्ययको बजेट तयार गरी कार्यकारिणी समितिमा पास गराई वार्षिक साधारण सभामा पेस गर्ने ।

(घ) संस्थाको जाय ज्यथा, दायित्व, आम्दानी, खर्च तथा अन्य आवश्यक कुरा खोलिएको वार्षिक वासलात तयार गराउने र लेखापरिक्षण गराउने ।

(ङ) संस्थाको हितलाई ध्यानमा राखी अध्यक्षले तोकेको वा निजको अनुमती लिई अन्य आवश्यक काम गर्ने ।

धारा १४ सम्पत्ति समितिमा नीहित हुने

संस्थाको सबै सम्पत्ति सो पदावधीमा हुने कार्यकारिणी समितिमा निहित हुनेछ ।

धारा १५. आर्थिक श्रोत र सञ्चालन

१५.१ आर्थिक श्रोत :

संस्थाको आर्थिक श्रोत देहाय बमोजिम हुनेछ :-

- सदस्यहरूबाट असूल उपर हुने आजीवन र वार्षिक सदस्यता शुल्क
- सदस्यहरूबाट असूल हुने सदस्यता आवेदन र प्रवेश शुल्क
- संस्थाले गर्ने वा गरेको कुनै काम वापत कुनै चन्दा, अनुदान प्राप्त हुन आएमा सो अनुदान रकम
- अन्य कुनै श्रोत

१५.२ आर्थिक सञ्चालन :

नगद रकमको कारोबार कार्यकारिणी समितिका अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट कुनै बैंकमा खाता खोली सञ्चालन हुनेछ ।

धारा १६ **विधानमा संशोधन**

यस विधानमा संशोधन गर्नको लागि १५ दिन अगावै सूचना दिई बसेको विशेष वा साधारण सभामा उपस्थित कम्तीमा दुई तिहाई (२/३) सदस्यको बहुमतले यस विधानको सबै वा कुनै अंश संशोधन गर्न सकिनेछ । यसको लागि सभाको गण पुरक संख्या कूल सदस्यहरूको कम्तीमा पचास (५०) प्रतिशत अनिवार्य रूपले हुनु पर्नेछ । यसमा दफा १२.४ लागू हुने छैन । संशोधित विधान स्थानिय अधिकारीको स्विकृति लिई लागू हुनेछ ।

धारा १७ **संस्थाको लेखा-परिक्षण**

१७.१ लेखा-परिक्षण :

कार्यकारिणी समितिले संस्थाले भौचर तथा रसिद सहितको आम्दानी खर्चको नियमित श्रेस्ता खडा गर्नेछ र त्यसलाई सुरक्षित साथ राख्ने छ । प्रत्येक वर्ष तोकेको समय भित्र संस्थाको जायजथा, दायित्व तथा अन्य आवश्यक कुरा खोलिएको वासलात तयार पारी आगामी साधारण सभा हुनु अगावै गतवर्षको वार्षिक साधारण सभाद्वारा मनोनित लेखा-परिक्षकद्वारा लेखा-परिक्षण गराई सक्नु पर्नेछ । त्यसरी लेखा-परिक्षण भैसकेको वासलात साधारण सभा हुने कम्तिमा दुईहप्ता अगावै सबै सदस्यहरूको निरिक्षणको लागि खुल्ला राख्नु पर्नेछ । प्रत्येक वर्ष हिसाब किताबको लेखापरिक्षण प्रतिवेदन स्थानिय अधिकारी समक्ष पेश गर्नेछ ।

१७.२ लेखापरिक्षण भैसकेको कागजातको व्यवस्था :

लेखा-परिक्षण भै सकेको हिसाब किताब र वासलात छलफल पारित तथा स्विकृतीको निमित्त आउँदो साधारण सभामा राखिने छ ।

धारा १८ निर्देशन दिन सक्ने अधिकार

कार्यकारिणी समितिले यस संस्थाबाट तर्जुमा तथा पारित भएका आचार संहिताको कुनै सदस्यबाट उल्लंघन गरेको देखिएमा उल्लंघन गर्ने त्यस्तो सदस्यलाई अर्को साधारण सभासम्म एक पटकमा ६ महिनालाई संस्थाको सदस्यताबाट निलम्वन गर्ने आदेश तथा निर्देशन दिनसक्ने छ । यसरी निलम्बित सदस्य निलम्वन अवधिभर मतदान गर्न पाउने अधिकार समेत अन्य सबै प्रकारका अधिकार र संस्थाले दिनसक्ने सुविधाहरूबाट वन्चित रहनेछ ।

धारा १९ विशेषाधिकृत संसूचना

संस्थाका सदस्यहरू बिच भए गरिएको संभाषण तथा अभिवचन (अभ्युक्ति) हरू सबै नै विशेषाधिकृत संसूचना मानिने छन्, त्यसैले अभियोग्य ठहरिने छैनन् ।

धारा २० नियम बनाउने अधिकार

यस विधानको अधिनमा रहि कार्यकारिणी समितिले आवश्यक नियमहरू बनाउन सक्नेछ । सो नियमहरू साधारण सभाको वहुमतले पारित गरे पछि लागू हुनेछ ।

धारा २१ राजिनामा र पदपूर्ति

(क) कार्यकारिणी समितिका कुनै पदाधिकारी वा कार्यकारी सदस्यले आफ्नो पदबाट हटन चाहेमा राजिनामा दिन सक्नेछ ।

(ख) कार्यकारिणी समितिका कुनै पदाधिकारी वा कार्यकारि सदस्यको राजीनामा कार्यकारिणी समितिबाट स्विकृत हुनु पर्नेछ ।

(ग) कार्यकारिणी समितिका कुनै पदाधिकारी वा सदस्य जुन फर्म वा कम्पनीको प्रतिनिधित्व गरेर आएको हो सो फर्म वा कम्पनीमा नरहेमा स्वतः सो पद वा सदस्यबाट हटने छन् । उक्त रिक्त रहेको पद वा सदस्यमा कार्यकारिणी समितिको दुई तिहाई (२/३) बहुमतको निर्णयले संस्थाका कुनै पनि सदस्यहरू मध्यबाट अर्को चुनाव नभए सम्मको लागि लिन सकिनेछ ।

(घ) कार्यकारिणी समितिका कुनै पदाधिकारी वा सदस्य आफ्नो पदबाट राजीनामा दिई वा अन्य कुनै कारणले हटेमा पुनः सोहि फर्म वा कम्पनीको प्रतिनिधि सोही पदमा वा सदस्यमा लिनु पर्ने अनिवार्यता रहने छैन ।

(ङ) कुनै साधारण सदस्यले यस संस्थाबाट हट्न चाहेमा लिखित राजिनामा दिएको मिति देखि स्वतः हट्नेछ ।

## धारा २२ अविश्वासको प्रस्ताव

(क) कार्यकारिणी समितिका कुनै पदाधिकारी वा कार्यकारी सदस्यको विरूद्ध कार्यकारिणी समितिका पदाधिकारी वा सदस्य गरी कम्तीमा पाँच (५) जना वा संस्थाका साधारण सदस्यहरूको एक तिहाई (१/३) सदस्यहरूले आफ्नो पद अनुसार आचरण नगरेको आधारमा अविश्वासको लिखित प्रस्ताव ल्याएमा संस्थाको विशेष साधारण सभा बढीमा २१ दिन भित्र बोलाई सो अविश्वासको प्रस्तावमा छलफल गर्नु पर्नेछ । विशेष साधारण सभाको दुई तिहाई (२/३) बहुमतको निर्णयले अविश्वासको प्रस्ताव पारित गरेमा सो व्यक्ति आफ्नो पदमा रहन सक्ने छैन ।

(ख) अविश्वासको प्रस्ताव राखिएको पदाधिकारी वा कार्यकारी सदस्यलाई आफ्नो सफाई पेस गर्ने मौका दिइनेछ ।

(ग) एक पटक राखेको अविश्वासको प्रस्ताव पारित हुन नसकेमा एक वर्ष ननाघी सोहि पदाधिकारी वा कार्यकारी सदस्य उपर पूनः अविश्वासको प्रस्ताव राख्न सकिने छैन ।

## धारा २३ संस्थाको विघटन

२३.१ विशेष साधारण सभाबाट हुने विघटन :

विघटनको प्रस्ताव राखि सबै सदस्यहरूको लागि पूर्वलिखित सूचनाद्वारा बोलाईएको विशेष साधारण सभामा संस्थाको कुल सदस्य संख्याको दुई तिहाई (२/३) सदस्यहरूको बहुमतले निर्णय गरेमा संस्थाको विघटन तुरून्तै हुनेछ ।

२३.२ विघटन हुँदा कार्यकारिणी समितिको अधिकार :

संस्थाको विघटन गर्ने प्रस्ताव पारित भै सके पछि संस्था विघटनको जिम्मा कार्यकारिणी समितिले लिनेछ ।

श्री ५ को सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

२३.३ संस्थाको सम्पतिको बाँडफाँड :

~~कार्यकारिणी समितिले संस्थाको सम्पति रोक गरी संस्थाको ऋण तथा अन्य दायित्व चुक्ता गरी शेष रहन आएको सम्पत्ति यसका सदस्यहरूलाई दामासाहिले बाँडने छ ।~~ संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकि वा अन्य कुनै कारणवश संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा श्री ५को सरकारमा सर्नेछ ।

२३.४ संस्थाको ऋण फछ्र्यौट :

संस्थाको विघटन भएतापनि विघटन प्रकृया समाप्त (वाइन्डिङ्ग अप) नहुन्जेल सम्म संस्थाको ऋण तथा अन्य दायित्वका निमित्त सदस्यहरू जिम्मेवार हुनेछन् । तर विधान अन्तर्गत बाध्यात्मक रूपले कुनै आर्थिक दायित्व पूरा गर्नु पर्ने पदहरूको दायित्व पूरा भएको छ भने त्यस्तो सदस्यले दायित्व पूरा गरी सकेको मानिने छ ।

23.५ माथी जे लेखिएको भएतापनि संस्था दर्ता ऐन संग बाझिएको कुरा स्वत: निस्क्रय हुनेछ । नविकरण लगायतका काम कारवाही श्री ५को सरकारको आ. व. अनुसार गरिनेछ ।

# सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिंग फर्महरुको संस्थाको शुल्क सम्बन्धी नियमावली

सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिंग फर्महरुको संस्थाको विधान, २०४७ को धारा २० ले दिएको अधिकार प्रयोग गरी सो विधान बमोजिम गठित प्रथम साधारण सभाले मिति २०४७/८/६ मा शुल्क सम्बन्धी यो नियमावली बनाई लागू गरिएको छ ।

१. आवेदन शुल्क :

सदस्यता प्राप्त गर्नुको लागि दिने दर्खास्तका साथ संलग्न हुनु पर्ने आवेदन शुल्क रू. एक सय (१००।-) बुझाउनु पर्नेछ ।

२. प्रवेश शुल्क :

सदस्यता निवेदन पत्र स्विकृत भएपछि प्रवेश शुल्क रू. एक हजार (१०००।-) बुझाउनु पर्नेछ ।

३. बार्षिक सदस्यता शुल्क :

प्रत्येक सदस्यले वार्षिक सदस्यता शुल्क रू. दुई हजार (२०००।-) बुझाउनु पर्नेछ ।

४. आजिवन सदस्यता शुल्क :

आजिवन सदस्यता प्राप्ती गर्न स्विकृत भएका सदस्यले आजिवन सदस्यता शुल्क वापत एक मुष्ट रकम रू. पन्ध्र हजार (१५,०००।-) बुझाउनु पर्नेछ ।

५. अन्य शुल्क :

समय समयमा कार्यकारिणी समितिले तोकेको अन्य शुल्कहरू सबै सदस्यहरूले बुझाउनु पर्नेछ ।

# अनुसूची - १

(विधानको पृष्ठभूमि सँग सम्बन्धित)

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

## परामर्शदाता संगठन मञ्चका सदस्यहरु तथा सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्मस्को अन्तरिम कार्यकारिणी सदस्यहरु

| | फर्महरुको नाम | पद |
|---|---|---|
| १. | ईष्ट कन्सल्ट (प्रा.) लि., काठमाडौं | अध्यक्ष |
| २. | नेपाल कन्सल्ट (प्रा.) लि., काठमाडौं | उपाध्यक्ष |
| ३. | मल्टी डिसिप्लिनरि कन्सल्ट्यान्टस् (प्रा.) लि., ललितपुर | महा-सचिव |
| ४. | आर्किटेक्ट्स कोलावोरेट (नेपाल) प्रा. लि., काठमाडौं | सह-सचिव |
| ५. | सिल्ट कन्सल्ट्यान्टस् (प्रा.) लि., काठमाडौं | कोषाध्यक्ष |
| ६. | बिल्डीङ्ग डिजाइन अथरिटि (प्रा.) लि., काठमाडौं | सदस्य |
| ७. | सिम्याट कन्सल्ट्यान्टस् (प्रा.) लि., काठमाडौं | सदस्य |
| ८. | डोम कन्सल्ट्यान्सी (प्रा.) लि., ललितपुर | सदस्य |
| ९. | मिष्टर एण्ड मिसेस् एम.एल. कायस्थ एण्ड एसोसियटस्, ललितपुर | सदस्य |
| १०. | एम. एण्ड एस. कन्सल्ट्यान्टस् (प्रा.) लि., काठमाडौं | सदस्य |

# अनुसूची - २

(धारा २ दफा २.३ सँग सम्बन्धित)

## संस्थाको छापको नमूना

सोसाइटी अफ कन्सल्टीङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरीङ्ग फर्म्स

Society of Consulting A & E Firms

SCAEF

1990

२०४७

# अनुसूची - ३

(दफा ६.२ सँग सम्बन्धित)

## सदस्य बन्नको लागि दिने आवेदन पत्रको नमूना

श्रीमान् अध्यक्ष ..........................
सोसाइटी अफ् कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्मस्
काठमाडौं
नेपाल ।

त्यस संस्थाको सदस्य बन्नको लागि निम्न बमोजिमको विवरण खुलाइ आवेदन गरेका छौं । त्यस संस्थाको विधान, नियमावली तथा अन्य निर्णयहरू पालन गर्न मंजुर गर्दछौं ।

१. फर्म वा कम्पनीको नाम : ..........................

२. पूरा ठेगाना (Mailing Address) : ..........................

३. फोन नम्बर : ..........................

४. श्री ५ को सरकारमा दर्ता भएको दर्ता नम्बर तथा मिति : ..........................

५. पूर्व फर्म वा कम्पनीको नाम (यदि भएमा) : ..........................

६. पूर्व फर्म श्री ५ को सरकारमा दर्ता भएको भए दर्ता नम्बर र मिति : ..........................

७. फर्म वा कम्पनीको हालको मुख्य कार्यकारि व्यक्तिको नाम, शैक्षीक योग्यता, तथा ठेगाना :- ..........................

८. हालका अन्य निर्देशक/प्रोप्राइटर/पार्टनरहरूको नाम, शैक्षिक योग्यता तथा ठेगाना :- ..........................

९. यस फर्म वा कम्पनीमा हाल पुरा समय (Full Time) कामगर्ने निर्देशक / प्रोप्राइटर / पार्टनरहरूको नाम : ..........................

१०. यस फर्म वा कम्पनीले गरिरहेको कार्यहरूको छोटकरी विवरण : ..........................

११. यस फर्म वा कम्पनीले यस संस्थामा सदस्यता पाएमा हाललाई आधिकारिक प्रतिनिधित्व गर्ने व्यक्तिको नाम : ..........................

| | |
|---|---|
| उपरोक्त विवरण ठीक छ भनि आवेदन गर्ने : | उपरोक्त विवरण जानेबुझेसम्म ठीक छ भनि सदस्यताको लागि सिफारिस गर्ने दुई सदस्यहरु : |
| फर्म वा कम्पनीको मुख्य कार्यकारि व्यक्तिको नाम र हस्ताक्षर : | १. |
| कम्पनी/फर्मको छाप : | २. |

मिति : ..................

**संलग्न :**

१. संस्थाको कम्पनी वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी

२. मुख्य निर्देशक (प्रतिनिधि) को शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी

३. संस्थाका फर्म वा कम्पनीको प्रतिनिधित्व गर्ने मनोनयन पत्र

४. संस्थाका फर्म वा कम्पनीको छोटो परिचयात्मक विवरण

# शुद्धाशुद्धी

| भएको | हुनुपर्ने |
| --- | --- |
| सोसाईटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरूको संस्था | सोसाईटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्मस् |

# सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरुको संस्थाको विधान, २०४७

जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति ०६०/५/२३ को निर्णयानुसार विधान प्रथम संशोधित

## प्रस्तावना

विकास प्रगतिको क्रमसित प्राविधिक लगायत सवै क्षेत्रमा दक्ष परामर्श सेवाको बढ्दो आवश्यकताको परिप्रेक्ष्यमा ठुलो संख्यामा खडा भएका, परामर्शदात्री फर्महरुको व्यवसायीक हक, हित, अधिकार र कर्तव्यको संरक्षण तथा संवर्द्धन गर्न एक सुसंगठित संस्था वान्छनीय भएकोले, नेपालको प्रचलित कानून वमोजिम 'रजिस्टर्ड' हामी सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरुको मिति २०४७/०५/०८ मा वसेको सभाले सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरुको संस्थाको यस विधानलाई सर्वसम्मतिले पारित गरेका छौं।

## धारा १ संक्षिप्त नाम र प्रारम्भ

१.१ यस विधानको नाम "सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरुको संस्थाको विधान २०४७" रहेको छ।

१.२ 'यो विधान' मिति २०४७/०८/०४ देखि लागू भएको छ।

## धारा २ संस्थाको नाम, ठेगाना तथा छाप

२.१ संस्थाको नाम:

संस्थाको नाम "सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरुको संस्था" रहेको छ। अंग्रेजीमा यसलाई "Society of Consulting Architectural and Engineering Firms" नामाकरण गरी छोटकरीमा (SCAEF) मानिनेछ। यो संस्था अविच्छीन्न उत्तराधिकारवाला, स्वशासीत र संगठित संस्था हुनेछ।

○ २.२ संस्थाको ठेगाना:[ञ]

संस्थाको मुख्य कार्यालय काठमाण्डौं रहने छ र प्रचलित ऐन कानूनको अधिनमा रहि नेपाल अधिराज्य भित्रका जिल्ला, शहर आदि क्षेत्रमा च्याप्टरहरु खोल्न सकिनेछ। च्याप्टरको कार्यक्षेत्र तथा संपूर्ण कामकारवाहीको खाका निर्धारण गर्ने कार्य समितिले गर्नेछ।

२.३ संस्थाको छाप:

संस्थाको आफ्नो कामको लागि एउटा छुट्टै छाप हुनेछ। यस छापको आकार गोलाकार हुनेछ जसभित्र सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरुको संस्था २०४७ नेपाल र अंग्रेजीमा Society of Consulting Architectural and

ञ मिति २०६०/०४/०५ मा वसेको विशेष साधारण सभा द्वारा संसोधन गरिएको।

Engineering Firms NEPAL / 1990 लेखिएको हुनेछ । यसको नमूना यस विधानको अनुसूची २ मा उल्लेख गरिएको छ ।

धारा ३ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा बाहेक यस विधानमा:

३.१ "संस्था" भन्नाले यस विधान अन्तरगत संगठित सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरुको संस्था (Society of Consulting Architectural and Engineering Firms) छोटकरीमा (SCAEF) लाई जनाउने छ ।

३.२ "विधान" भन्नाले संस्थाको विधान सम्झनु पर्छ ।

३.३ "नियम" वा "उप नियम" भन्नाले यस विधान अन्तरगत वनेका नियम वा उप नियमलाई जनाउने छ ।

३.४ "तोकिएको बमोजिम" वा "तोकिएको" भन्नाले यस विधान र विधान अर्न्तगत बनेका नियम र उप नियममा तोकिएको कुरालाई जनाउनेछ ।

○ ३.५ "आर्किटेक्ट" वा "इन्जिनियर" भन्नाले श्री ५ को सरकारवाट मान्यता प्राप्त विश्वविद्यालयवाट स्नातक तहको डिग्री प्राप्त गरी नेपाल इन्जिनियरिङ्ग काउन्सीलमा दर्ता भएका सबै विधाका प्राविधिक व्यक्तिलाई मानिने छ ।[ग]

○ ३.६ "फर्म" वा "कम्पनी" भन्नाले कन्सल्टेन्सीमा काम गर्ने देहाय बमोजिमकासंस्थाहरुलाई मानिने छ ।

क) नेपाली फर्म वा कम्पनी:-
नेपालको प्रचलित कानून बमोजिम श्री ५ को सरकारको निकायमा नियम बमोजिम आर्किटेक्ट तथा इन्जिनियरिङ्ग र त्यस संग सम्वन्धित अन्य विषयहरु जस्तै Survey, Geology, Environmental Science, IT, Socio-economic, Agriculture, Hydrology & Meteorology, Sociology, Accountancy, Economist, Interior design आदी विषयमा परामर्श सेवा प्रदान गर्ने उद्देश्यले दर्ता भएको व्यापारिक फर्म, संस्था, संस्थान, कम्पनी आदि ।

ख) विदेशी संस्था:-
संसारको कुनैपनि देशमा परामर्श कार्य गर्न दर्ता भएको र आर्किटेक्चरल र इन्जिनियरिङ्ग अन्तराष्ट्रिय संस्था वा क्षेत्रीय संस्थाहरुमा सदस्यता भएको ।

○ ३.७ "सदस्य" भन्नाले यस संस्थाका सवै प्रकारका सदस्यहरुलाई जनाउने छ ।

३.८ "समिति" भन्नाले यस संस्थाको कार्यकारिणी समिति भन्ने जनाउँछ ।

---

Ô मिति २०६०/०४/०५ मा वसेको विशेष साधारण सभा द्वारा संसोधन गरिएको ।

३.९ "आर्थिक वर्ष" भन्नाले संस्थाको आर्थिक वर्ष भन्ने जनाउँछ । यो विधान बमोजिमको आर्थिक वर्ष ग्रेगोरियन क्यालेण्डर अनुसार जनवरी १ तारिखमा भई डिसेम्वर ३१ तारिखमा समाप्त हुनेछ ।

○३.१० "साधारण सभा" भन्नाले यस विधान अन्तर्गत हुने साधारण सभालाई जनाउने छ जसमा सदस्य संगठन, फर्म वा कंपनीको एक आधिकारीक प्रतिनिधिले आफ्नो संस्थामा निर्देशक वा साझेदार रही पर्णकालिन काम गर्नेले मात्र प्रतिनिधित्व गर्ने छ र फर्मका अन्य निर्देशकहरु (Members of Board of Directors / Proprietors/ Partners) समेतले साधारण सभाको छलफलमा भाग लिन पाउने छन् तर मतदान गर्न गर्न पाउने छैनन् । मानार्थ, एफिलेटेड सदस्य र एशोसियट्स सदस्यहरुले सभा तथा अन्य छलफलमा भाग लिन पाउने छन् तर मतदानमा भाग लिन पाउने छैनन् ।

□ ३.११ "च्याप्टर" भन्नाले संस्थाको कम्तिमा ५ वटा सदस्यहरु मिलेर प्रचलित नियम कानून र यस विधानको अधिनमा रही खोलिएको मंचलाई जनाउनेछ । च्यप्टरको स्वरुप र कार्य संचालन समितिले जारी गरेको निर्देशिका बमोजिम हुनेछ ।

## धारा ४ उद्देश्य

यस संस्थाका उद्देश्यहरु निम्न लिखित हुनेछन्:

४.१ नेपाली कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरुको व्यवसायीक तथा पेशागत विकास तथा उत्थानमा प्रोत्साहन दिने तथा तिनीहरुको हक, हित, अधिकार, कर्तव्य तथा सुविधाको संरक्षण तथा सम्वर्धन गर्ने गराउने ।

४.२ परामर्श सम्वन्धि आदर्शको संरक्षण गर्ने, अनुशासित ढंगले परामर्श सेवा परिचालन गराउन सहयोग गर्ने तथा परमर्शदात्री फर्महरु बीच अनुशासित साथै स्वच्छ प्रतिस्पर्धाको वातावरण सृजना गर्ने, तथा गर्न सहयोग पुऱ्याउने ।

४.३ विदेशी परामर्शदात्रीहरु माथि नेपालले पर्नुपर्ने निर्भरता कमगर्ने हेतुले राष्ट्रिय वा अन्तराष्ट्रिय क्षेत्रको सहयोगबाट नेपाल अधिराज्यभित्र संचालित विकास परियोजनाहरु सकेसम्म वढि रुपमा स्थानीय परामशदात्रीहरु सम्मिलित हुन सक्ने वातावरण वनाउने र सो निम्ति प्रयास गर्ने साथै 'टेक्नोलोजी ट्रान्सफर' निमित्त स्वदेशी विज्ञलाई सुसँगठीत र संचालीत गरी परमर्श सेवामा आत्मनिर्भरता ल्याउने वा सो ल्याउनेतर्फ प्रयास गर्ने ।

४.४ स-साना संगठन वा फर्महरुलाई पनि ठूल्ठूला योजनामा संलग्न गराई परामर्श सेवा दिन सक्षम गराउने । त्यस्ता फर्महरुलाई संयुक्त रुपमा सहभागी भै काम गर्न प्रोत्साहन र प्रेरणा दिने ।

४.५ संस्थाका उद्देश्य सित मेल खाने अन्य विदेश संघ संस्थासित संयुक्त 'एफिलियट्' हुने र अन्तराष्ट्रिय परापर्शसेवा फेडरेशन समेतको सदस्यता प्राप्त गर्ने ।

---

○ मिति २०६०/०४/०५ मा वसेको विशेष साधारण सभा द्वारा संसोधन गरिएको ।

□ मिति २०६०/०४/०५ मा वसेको विशेष साधारण सभा द्वारा थप गरिएको ।

४.६ नेपालको आर्थिक विकासमा टेवा पुर्याउन स्वदेशी परामर्शदात्री संस्थाहरुलाई प्रोत्साहन गर्न वातावरण श्रृजना गर्ने ।

४.७ संस्थाको उद्देश्य प्राप्तिको निम्ति सघाउ पुग्ने र संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष लाभ पुग्ने अन्य कुरासंग सम्वन्धित कार्यपनि गर्ने ।

## धारा ५ कार्यहरु

सस्थाले देहायका कामअरु गर्ने छ ।

५.१ समय समयमा सदस्यहरु भेला गराउने, आफ्ना विचार एक आपसमा आदान प्रदान गर्ने, परामर्शसेवा तथा सो सेवासित संवद्ध समस्याहरुको छलफल गर्ने तथा निवारण गर्ने, पेशागत उत्थान र राष्ट्रिय उत्थानका दृष्टिमा परामर्श सेवाको भूमिकाको एक आपसमा छलफल तथा बोध गराउने र कन्सल्टेण्टहरु विच सद्भावना र सहयोगको वातवरण पैदा गराउने ।

५.२ परामर्श सेवा सम्वन्धि 'कोड अफ कन्डक्टस' (आचार संहिता) तर्जुमा लागु गर्ने र सो भए नभएको अनुगमन मुल्याङ्कन गर्ने ।

५.३ परामर्श सेवाको बढेदो मागका दृष्टिमा यसैसित मात्र सम्बन्धित छुट्टै कानूनी व्यवस्था लागू गर्नुपर्ने कुरा श्री ५ को सरकार र सम्वन्धित अन्य निकायहरुमा सुझाव दिने र सो लागू गराउने तर्फ प्रयास गर्ने ।

५.४ परामर्श सेवाको वास्तविक महत्व र आवश्यकता तथा पेशाको सही भूमिका वारे जनमानसमा निरन्तर प्रकाश पार्ने ।

५.५ आचार सँहिता तथा पेशागत चेतनाको ठोस बोध तथा वृद्धि गराउन कन्सल्टेन्ट्स फर्महरुलाई सहयोग पुर्याउने ।

५.६ परामर्श सेवा सम्वन्धि करार सम्झौता गर्दा श्री ५ को सरकारका विभिन्न निकायहरुले अपनाउँदै आएका परस्पर विरोधाभाषि करार सम्झौता सुधार र विकास गर्ने गराउने ततथा 'स्टैण्डर्ड' करार सम्झौता तयार गरी सम्वन्धित क्षेत्रहरुमा लागू गर्न सघाउने ।

५.७ परामर्श सेवा सम्बन्धमा सदस्यहरु बीच समझदारी वढाउनुका साथै अनुशासन कायम गराउन प्रयत्न गर्ने ।

५.८ नेपाल अधिराज्यभित्रका सम्पूर्ण सरकारी विकास परियोजनाहरुमा काम गर्ने विदेशी परामर्श दात्री कंपनी वा फर्महरुले वाध्यात्मक रुपले नेपाली परामर्शदाशी फर्महरुलाई सहभागी गराउनु पर्ने तथा त्यस्तो विदेशी परामर्शदात्रीहरुको प्राविधिक प्रतिनिधित्व नेपाली परामर्शदात्री फर्मबाट हुनु पर्ने व्यवस्थाका निमित्त आवश्यक प्रयास गर्ने ।

## धारा ६ सदस्यता तथा सदस्यको अधिकार र कर्तव्य

६.१ सदस्यता योग्यता, परिभाषा र प्रतिनिधित्व:

क) साधारण सदस्य:
परामर्शदातृ संस्थामा कम्तीमा एकजना ग्राजुयट आर्किटेक्ट वा इन्जिनियर शेयहोल्डर भई निर्देशकको रुपमा पूरा समय काम गरी रहेको हुनपर्नेछ र सोही व्यक्तिले मात्र सो संस्थाको प्रतिनिधित्व गर्न सक्नेछ। पूरा समय काम गरेको भन्नाले हप्तामा ४० घण्टा कम्तीमा ५ दिन प्रचलित कार्यालय समय भित्र काम गर्ने व्यक्ति हुनु पर्नेछ। दफा ६.३ कार्यकारिणी समितिवाट स्वीकृत भएको आवदेश यस संस्थाको साधारण सदस्य हुनेछ।

ख) एफिलेटेड सदस्य:
प्रतिनिधित्व गर्ने व्यक्ति विसुद्ध आर्किटेक्ट वा इन्जिनियर नभइ धारा ३.६ (क) मा उल्लेख भएको आर्किटेक्ट वा इनिजनियर वाहेक कुनै एक विषयमा विज्ञ (कम्तीमा स्नातक उपाधी प्राप्त गरेका) भएको हुनपर्नेछ। उक्त व्यक्ति संस्थाको पुरा समय काम गर्ने निर्देशक हुनपर्नेछ।

ग) ~~एशोसियट्स सदस्य:~~
~~धारा ३.६(ग) बमोजिम संसारको कुनै पनि देशमा परमार्श सेवाको निमित्त दर्ता भएको र आर्किटेक्चरल वा इन्जिनियरिङ्ग सम्वन्धि अन्तराष्ट्रिय वा क्षेत्रीय संस्थामा सदस्य भएको हुन पर्ने।~~

६.२ सदस्यताको लागि आवेदन दिने व्यवस्था:
सदस्य वन्न चाहने संगठन, फर्म वा कंपनीले अनुसूची ३ मा उल्लेखीत ढाँचा अनुसारको विवरण खुलाई संस्थाको अध्यक्षलाई संम्वोधन गरी तोकिएको आवेदन शुल्क सहित आवेदन दिनु पर्ने छ। सो आवेदनमा कम्तीमा दुइ जना साधारण सदस्यहरु समर्थक हुनु पर्नेछ।

६.३ सदस्यता प्राप्ती:
आवेदन पर्न आएपछि कार्यकारिणी आगामी वैठकले त्यस आवेदन माथी विचार गरी उपस्थित सदस्यहरुको वहुमतले आवेदकलाई सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नेछ। सदस्यतता प्रदान गर्ने निर्णय भएमा निर्णय भएको मितिदेखि पन्ध्र (१५) दिन भित्र सदस्यता शुल्क वुभाई सक्नु पर्ने छ र सदस्यता शुल्क वुभाएको मितिदेखि सदस्यता कायम हुनेछ। तोकेको अवधि भित्र सदस्यता शुल्क नतिरेमा पुन: नायँ आवेदन पत्र दिनु पर्नेछ।

६.४ सदस्यका किसिमि:
सदस्यहरु निम्न प्रकारका हुनेछन्:
क) साधारण सदस्य
ख) एफिलेटेड सदस्य

---

मिति २०६०/०४/०५ मा वसेको विशेष साधारण सभा द्वारा संसोधन गरिएको।

ग) ~~एशोसियट्स सदस्य~~
घ) आजीवन सदस्य
ङ) मानार्थ सदस्य

क) साधारण सदस्य:
संशोधनको लागि प्रस्तावित दफा ६.१ (क) बमोजिमको योग्यता पुगेको साधारण सदस्य हुनेछन ।

ख) एफिलेटेड सदस्य:
संशोधनको लागि प्रस्तावित दफा ६.१ (ख) बमोजिमको योग्यता पुगेको साधारण सदस्य हुनेछन् ।

~~ग) एशोसियट्स सदस्य:~~
~~संशोधनको लागि प्रस्तावित दफा ६.१ (ग) बमोजीम योग्यता पुगेको साधारण सदस्य हुनेछन् ।~~

घ) आजिवन सदस्य:
कम्तीमा ५ वर्ष अघि दर्ता भै कामको अनुभव भएका कम्पनी वा फर्मले आजिवन सदस्यताका लागि आवेदन दिन पाउनेछन् । आवेदन प्राप्त भै कार्यकारीणी समितिले आजिवन सदस्यता दिन उचित ठहऱ्याएमा त्यस्ता सदस्यले तोके बमोजिम अग्रिम शुल्क बुझाउनु पर्नेछ । तर, साधारण सदस्य नभै आजिवन सदस्य बन्न पाइने छैन ।

ङ) मानार्थ सदस्य:
यस संस्थाका हित र सम्बर्द्धनका लागि असाधारण योगदान दिने कुनै विशेष व्यक्ति वा संस्थालाई कार्यकारिणी समितिको निर्णयले मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ । यस्ता सदस्यहरुलाई मतदान दिने अधिकार भने हुने छैन ।

६.५ सदस्यको अधिकार:

क) प्रत्येक सदस्यले साधारण सभामा आफ्नो मन्तव्य व्यक्त गर्न, मतदान दिन, छलफलमा भाग लिन, संस्थाको कार्यकारिणी समितिका कुनै पनि पदमा उम्मेदवार हुन पाउने छन् ।

ख) प्रत्येक सदस्यले यस संस्थाका तर्फबाट उपलब्ध हुने सुविधाहरु कार्यकारिणीले तोकिए बमोजीम उपलब्ध गर्न सक्नेछ ।

६.६ सदस्यको कर्तव्य:
संस्थाको भलो चिताउनु, अर्को सदस्यसित उच्च सद्व्यवहार गर्नु, विधानका व्यवस्थाहरुको राम्रो मनन तथा पालन गर्नु, समयमा शुल्क तथा आफुले बुझाउनु पर्ने अन्य सबै दायित्व पूरा गर्नु सदस्यहरुको कर्तव्य हुनेछ ।

६.७ सदस्यता गुम्ने अवस्थाहर, पुनः सदस्यता प्राप्ति तथा कारवाही:

निम्न अवास्थामा सदस्यता गुम्नेछ :

क) सदस्यता प्राप्त गरेको पक्षपसदात्री संस्था विघटन भएमा वा सम्वनधीत काम गर्न मान्यता समाप्त भएमा ।

ख) चालु वर्षको संस्थाको बार्षिक शुल्क विधान वमोजिम चुक्ता गरेको तर सदस्यतावाट राजिनामा दिई सो राजिनामा कार्यकारीणी समितिले स्विकृत गरेमा ।

○ग) बार्षिक शुल्क तथा अन्य बुझाउने पर्ने रकम भुक्तानी नगरेका कारणले कार्यकारीणी समितिले सदस्यता खारेज गर्ने निर्णय गरेमा ।

○घ) यस विधानको मुलभुत आदर्श तथा उद्देश्य विपरीत जानाजानी काम गरेमा वा संस्थाको अस्तित्वमै आघात पुग्ने कुनै कसुर गरेमा वा यस धिान अन्तर्गत वनेका नियम, उप नियम वा आचार संहिता उलंघन गरेमा समेत निजको सदस्यता गुम्नेछ । तर कुनै पनि सदस्यलाई कारवाही गर्दा निजलाई स्पष्टिकरण दिने मौका नदिई कारवाही गरिने छैन ।

○ङ) संस्थालाई तिर्नु बुझाउने पर्ने शुल्क नबुझाएको कारण सदस्यता गुमेकाले पूनः सदस्यता लिन चाहेमा निजले संस्थालाई बुझाउन बाँकी रकम वुझाएको निस्सा पेश गरेपछि नयाँ सदस्यताको लागि आवेदन गर्न र सदस्यता प्राप्त गर्न सक्नेछ । तर त्यसरी सदस्यता प्राप्त गरिसकेपछि पूनः शुल्क बुझाउन बाँकी राखेको कारणवाट सदस्यता खारेज भएमा निज सदाको लागि सदस्य हुनवाट बन्चित हुनेछ ।

## धारा ७ सदस्यता शुल्क

७.१ प्रत्येक सदस्यले तोके बमोजीमको प्रवेश शुल्क कार्यकारीणी समितिवाट सदस्यता आवेदन पत्र स्वीकृती भएका पन्ध्र (१५) दिन भित्र बुझाई सक्नु पर्नेछ ।

○ ७.२ क) प्रत्येक सदस्यले सदस्यता वापत तोकिए बमोजिमको वार्षिक शुल्क, अप्रेशनल शुल्क एवं सेमिनार शुल्क लगायत तोकिएका अन्य शुल्कहरु बुझाउनु पर्नेछ । तर आजिवन सदस्यले वार्षिक (नविकरण) शुल्क बझाउनु पर्नेछैन ।

ख) प्रत्येक सदस्यले बझाउनु पर्ने भनि तोकिएको सम्पूर्ण शुल्कहरु मार्च ३१ सम्म बुझाई सक्नु पर्नेछ । सो समयावधी भित्र नवुभाएमा अप्रिल १ देखि जून ३० सम्म बुझाउनेलाइ १० प्रतिशत जरिवाना सहित शुल्क लाग्नेछ । सेप्टेम्बर महिनाको अन्तिम दिन सम्म जम्मा १५ प्रतिशत जरिवाना सहित शुल्क बुझाउन सकिनेछ, सो नबुझाएमा अक्टोवर देखि सदस्यता सस्पेण्ड गरीनेछ । सस्पेण्ड भएको समयमा निजको संस्थामा कुनै अधिकार( रहने छैन र संस्थावाट कहिंकतै प्रतिनिधित्व गर्न पाउने छैन ।

○ मिति २०६०/०४/०५ मा वसेको विशेष साधारण सभा द्धारा संसोधन गरिएको ।

ग) सदस्यता सस्पेण्ड भएको सदस्यले साधारण सभा हुनु भन्दा १५ दिन अगावै संस्थालाई तिर्नु पर्ने शुल्क र सो शुल्कको ५० प्रतिशत रकम जरिवान समेत बुझाएमा निजको सदस्यता कायमै रहने छ ।

७.३ आजीवन सदस्यता लिन चाहने सदस्यले तोके वमोजीम आजीवन सदस्यता शुल्क एकमुष्ट तिर्नु पनेछ ।

७.४ दफा ७.१, ७.२ र ७.३ मा उल्लिखित प्रवेश शुल्क, वार्षिक शुल्क, र आजिवन सदस्यता शुल्क घटवढ गर्नु परेमा संस्थाको साधारण सभाको निर्णयले मात्र गर्न सकिनेछ ।

७.५ पहिलो पटक सदस्यता लिएको सदस्यको वार्षिक शुल्क जुन आर्थिक वर्षमा सदस्यता लिएको छ त्यहि आर्थिक वर्षको डिसेम्वर महिना भित्र पुरा हुनेछ र नयाँ आर्थिक वर्षको लागि पुनः पुरा वार्षिक शुल्क तिर्नु पर्नेछ ।

## धारा ८ कार्यकारिणी समिति

८.१ कार्यकारिणी समितिको गठनः

संस्थाको दैनिक तथा अन्य कारोवारका लागि निम्नलिखित पदाधिकारी सहितको एक कार्यकारिणी समिति रहनेछ ।

| | | |
|---|---|---|
| अध्यक्ष | ———— | १ |
| उपाध्यक्ष | ———— | १ |
| महा-सचिव | ———— | १ |
| सह-सचिव | ———— | १ |
| कोषाध्यक्ष | ———— | १ |
| सदस्यहरु | ———— | ४ |
| | जम्मा: | ९ |

संस्थाको साधारण पदावधी समाप्त भएको कार्यकारी समितिका अध्यक्ष र महा-सचिव नयाँ कार्यकारिणी समितिको कुनै पदमा निर्वाचित नभएता पनि नयाँ कार्यकारिणी समितिमा पदेन सदस्य हुनेछन् । यस्तो परिस्थितिमा कार्यकारिणी समितिमा पदाधिकारीहरु लगायत कूल ११ सदस्य हुनेछन् ।

८.२ पदावधि र निर्वाचनः
कार्यकारीणी समितिको पदावधि २ वर्षको हुनेछ । कार्यकारीणी समितिका पदाधिकारहिरुको छनौट साधारण सदस्यहरु मध्येवाट एक सदस्य एक मतको आधारमा गोप्य मतदानको प्रकृया अनुरुप हुनेछ तर अध्यक्ष र महासचिव पदको उम्मेदवार हुनको निमित्त पूर्व कार्यकारीणी समितिमा रही कम्तीमा एक पदावधि भरी काम गरेको हुनु पर्नेछ ।

मिति २०६०/०४/०५ मा वसेको विशेष साधारण सभा द्वारा संसोधन गरिएको ।

८.३ पुन: निर्वाचनको लागि उम्मेदवार हुने वारे व्यवस्था:
कार्यकारिणी पदवाट अवकाश पाएको वा पदावधी समाप्त भएको सदस्य पुन: निर्वाचनका निमित्त उम्मेदवार हुन वाधा पुगेको मानिने छैन । तर अध्यक्ष, उपाध्यक्ष तथा महासचिव पदमा लगातार एउटै पदमा दुई अवधि भन्दा बढी एउटै सदस्यले स्थान ग्रहण गरिरहन पाउने छैन । यस दफाको प्रयोजनको लाग सदस्य भन्नाले आधिकारिक प्रतिनिधित्व गरिएको फर्म वा कम्पनी समेतलाई जनाउँछ ।

८.४ कार्यकारिणी समितिको अधिकार:
आवश्यकता हेरी कार्यकारिणी समितिले संस्थाको विभिन्न क्रियाकलापको तर्जुमा तथा सफल कार्यान्वयनको निमित्त अस्थाई वा स्थायी उप-समितिहरु गठन गर्ने तथा कर्मचारीहरु नियुक्ती गर्न सक्नेछ ।

## धारा ९ साधारण सभा

साधारण सभा निम्नानुसार हुनेछ :

९.१ वार्षिक साधारण सभा:
प्रत्येक वर्षको डिसेम्वर महिनामा वार्षिक साधारण सभा गरिने छ । वार्षिक साधारण सभाको सूचना प्रत्येक सदस्यलाई सभा वोलाउनु भन्दा कम्तीमा १५ दिन अगावै दिनु पर्नेछ । वार्षिक सभामा अन्य आवश्यक कुराहरुको अलावा प्रगति विवरण, कार्यक्रम र आयव्ययको विवरणमा छलफल हुनेछ ।

९.२ विशेष साधारण सभा:
समितिका महा-सचिवले निम्नलिखित परिस्थितिम कम्तीमा साल (७) दिनको अग्रिम सूचना दिई विशेष साधारण सभामा वोलाउन सक्नेछ ।

क) कार्यकरिणी समितिका सदस्यहरु कम्तीमा ५१ प्रतिशत सदस्यहरुले विशेष साधारण सभा वोलाउने निर्णय गरेमा ।

ख) कार्यकारिणी समितिका कुनै पदाधिकारी र कार्यकारी सदस्यको विरुद्ध कार्यकारिणी समितिका पदाधिकारी वा अविश्वासको प्रस्ताव ल्याएमा ।

ग) संस्थाका सम्पूर्ण सदस्यको कम्तिमा एक तिहाई संख्याले विशेष साधारण सभा वोलाउनको लागि माग गरेमा ।

९.३ सभा वोलाउँदा खुलाउनु पर्ने कुराहरु:
साधारण वा विशेष साधारण सभा वोलाउँदा पटकै पिच्छे निम्न कुराहरु खुलाउनु पर्नेछ :
क) सभा हुने समय, ठाउँ र मिति
ख) सभा वोलाउनु पर्ने कारण तथा छलफलका विषयहरु
ग) अन्य कुनै कुरा भएमा सो पनि खुलाउने

९.४ सभा वा अन्य कुराको सूचना दिनेवारे:
सवै किसिमका सूचना सदस्यहरुलाई दिँदा निजको सवैभन्दा पछिल्लो ठेगानामा सकेसम्म छिटो माध्यमद्धारा पठाइने छ ।

९.५ सभाको अध्यक्षता:

सवै किसिमका सभा वा बैठकको अध्यक्षता संस्थाका अध्यक्षले गर्ने छन् र निजको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्ष पनि अनुपस्थिती भएमा सभामा उपस्थित रहेका सदस्यहरुले प्रस्ताव र समर्थन गरी निजहरु मध्येबाट कुनै एक सदस्यलाई सभापतिको आशन ग्रहण गर्न दिनु पर्नेछ ।

९.६ सभाले पूर्व निर्णय परिवर्तन गर्नसक्ने:

संस्थाका पहिलेका साधारण सभा वा विशेष साधारण सभाहरुमा पारित गरिएका निर्णयहरु निलम्वन गर्न, तीनमा अपखण्डीत अथवा परिवर्तन गर्न साधारण वा विशेष साधारण सभाले सक्नेछ ।

## धारा १० मत दिने तथा निर्णय दिने अधिकार

१०.१ मतदान र अध्यक्षको मतदान दिने अधिकार:

समितिका पदाधिकारी तगायत प्रत्येक सदस्यले एउटै मात्र मत दिन पाउने छन् तर कुनै विवादमाथि दिइएको मत दुवै पक्षमा वरावरी पर्न अएमा अध्यक्ष वा अध्यक्षको अनुपस्थितिमा, अध्यक्ष सरह काम गर्ने अख्तियारवालाले निर्णायात्मक मत दिन पाउने छ ।

○१०.२ मताधिकारवाट वञ्चित हुने व्यवस्था :

वार्षिक साधारण सभा हुनु भन्दा १५ दिन अगावै जुनसुकै सदस्यले सस्थालाई तिर्नु वुझाउनु पर्ने शुल्क नवुझाएमा साधारण सभा वा समितिको वैठकमा मत दिन पाउने अधिकारवाट वञ्चित हुने छन् ।

## धारा ११ कार्यकारिणी समितिको बैठक

११.१ सामान्य प्रकृया:

कार्यकारिणी समितिको वैठक अनिवार्यरुपमा कम्तीमा महिनाको एक पटक हुनुपर्नेछ , तर आवश्यकतानुसार अध्यक्ष वा समितिका कुनै ४ पदाधिकारीले माग गरेमा जुनसुकै समयमा पनि वैठक वोलाउन सक्नेछन् ।

११.२ कार्यकारिणी समितिको अधिकार:

कार्यकारिणी समितिले वार्षिक वा विशेष साधारण सभाले निर्दिष्ट गरेको नीति निर्देशक तथा तरिका अनुरप संस्थाले कार्य संचालन गर्ने छ । कार्यकारिणी समितिले संस्थाको कुनैपनी कारोवार गर्न (अन्यथा यस विधानका अन्य धाराले गर्न नहुने भनि ठहराएका कुरामा वाहेक ) सक्नेछ ।

---

○ मिति २०६०/०४/०५ मा वसेको विशेष साधारण सभा द्वारा संसोधन गरिएको ।

११.३ साधारण सभाको अधिकार:

साधारण सभाको वहुमतको निर्णय सर्वाधिकार सम्पन्न हुनेछ तथा कार्यकारिणी समितिले मान्नु पर्नेछ । तर संस्थाको विधानमा परिर्वतन ल्याउनु परेमा र कार्यकारिणी समिति वा त्यसका पदाधिकारीहरुलाई समितिवाट हटाउनु परेमा यस विधानम स्पष्टरुपमा उल्लेखीत व्यवस्था बमोजिम हुनेछ ।

## धारा १२ सभाको गणपुरक संख्या

१२.१ साधारणसभा तथा विशेष साधारणसभाको गणपुरक संख्या:
संस्थाको साधारण सभा वा विशेष साधारण सभाको गणपुरक संख्या जम्मा सदस्यहरुको कम्तिमा तेतस (३३) प्रतिशतले मानिनेछ । तर धारा १६ बमोजीम यस विधानमा संसोधन गर्नु परेमा गणपुरक संख्या जम्मा सदस्यहरुको कम्तीमा पचास (५०) प्रतिशतले मानिनेछ ।

१२.२ कार्यकारिणी समितिको गणपुरक संख्या:

कार्यकारिणी समितिको बैठकको निम्ती समितिका कूल सदस्यको ५० प्रतिशत उपस्थिति भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

१२.३ गणपुरक संख्या नपुगेको सभा/बैठक मान्य नहुने :
गणपुरक संख्या नपुऱ्याई वा नपुगी बसेको बैठक वा साधारण सभा मान्य हुने छैन ।

१२.४ गणपुरक संख्या नपुगेको सभाको व्यवस्था:
यदि गणपुरक संख्याको अभावमा तोकीएको स्थानमा साधारण सभा संचालन हुन नसकेमा उक्त साधारण सभा अर्को २ हप्ताका निम्ति स्वत: पर सारेको मानिने छ । दुइ हप्ता पछि सो साधारण सभा संचालन गर्न गणपुरक संख्याको आवश्यकता पर्नेछैन ।

## धारा १३ पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

कार्यकारिणी समितिका देहाएका पदाधिकारिहरुको काम, कर्तव्य र अधिकार देहाय वमोजीम हुनेछ ।

१३.१ अध्यक्ष:
कार्यकारिणी समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजीम हुनेछ :

क) कार्यकारिणी समिति, साधारण सभा र विशेष साधारण सभाको वैठकको अध्यक्षता गर्ने तथा बैठक संचालन गर्ने ।

ख) कार्यकारिणी समिति, साधारण सभा र विशेष साधारण सभाको वैठक हुने मिति, समय, स्थान र छलफल गर्ने विषयहरु तोक्ने ।

ग) कार्यकारिणी समिति, साधारण सभा र विशेष साधारण सभाको वैठकमा मत भिन्नता भई मत वरावर भएमा निर्णयात्मक मत दिने ।

घ) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधित्व गर्न कुनै पदाधिकारी वा कार्यकारी सदस्यलाई तोक्ने ।

ङ) कार्यकारिणी समितिले गर्नु पर्ने संपूर्ण कार्यहरुको रेखदेख गर्ने गराउने ।

१३.२ उपाध्यक्ष :

कार्यकारिणी समिति उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजीम हुनेछ :

क) कार्यकारिणी समितिको अध्यक्षलाई संस्थाको कार्य सम्पादनमा सहयोग गर्ने

ख) कार्यकारिणी समितिको अध्यक्षको अनुपस्थितिमा निजको सबै काम, कर्तव्य र अधिकारको पालन तथा प्रयोग गर्ने ।

१३.३ महा-सचिवः

महा-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमाजीम हुनेछः

क) अध्यक्षको आदेश बमोजीम कार्यकारिणी समितिको बैठक बोलाउने

ख) कार्यकारीणी समितिको निर्णय बमोजीम साधारण सभा तथा विशेष साधारण सभाको बैठक बोलाउने ।

ग) कार्यकारीणी समितिको साधारण सभा तथा विशेष साधारण सभाको निर्णय प्रमाणीत गर्ने ।

घ) कार्यकारीणी समितिको साधारण सभा तथा विशेष साधारण सभाको बैठकको छलफल तथा निर्णयहरुको अभिलेख राख्ने ।

ङ) संस्थाको विधान, निति र उद्देश्य अनुरुप संस्थाको तर्फ बाट लेखापढि गर्ने ।

च) संस्थाको हितलाई ध्यानमा राखी अध्यक्षले तोकेको वा निजको अनुमती लिई अन्य आवश्यक काम गर्ने ।

१३.४ सह-सचिवः

सह-सचिवको काम, कर्तव्य रअधिकार देहाय बमाजीम हुनेछः

क) कार्यकारीणी समितिको महा-सचिवलाई संस्थाको कार्य सम्पादनमा सहयोग गर्ने ।

ख) कार्यकारिणी समितिको महा-सचिवको अनुपस्थितिमा निजको सबै काम, कर्तव्य र अधिकारको पालन तथा प्रयोग गर्ने ।

१३.५ कोषाक्ष्यक्ष:

कोषाक्ष्यक्षको काम, कर्तव्य रअधिकार देहाय बमाजीम हुनेछ:

क) संस्थाको नगदी तथा जिन्सि मालसामानको जिम्मा लिई त्यसको हिसाव र श्रेस्ताको विवरण दुरुस्त राख्ने ।

ख) संस्थाको आय व्ययको विवरण राख्ने ।

ग) संस्थाको आय व्ययको बजेट तयार गरी कार्यकारिणी समितिमा पास गराई वार्षिक साधारण सभामा पेश गर्ने ।

घ) संस्थाको जाय ज्यथा, दायित्व, आम्दानी , खर्च तथा अन्य आवश्यक कुरा खोलिएको वार्षिक वासलात तयार गराउने र लेखापरिक्षण गराउनेछ ।

ङ) संस्थाको हितलाई ध्यानमा राखी अध्यक्षले तोकेको वा निजको अनुमती लिई अन्य आवश्यक काम गर्ने ।

## धारा १४ सम्पत्ति समितिमा नीहित हुने

संस्थाको सबै सम्पत्ति सो पदावधीमा हुने कार्यकारिणी समितिमा निहित हुनेछ ।

## धारा १५ आर्थिक श्रोत र संचालन

१५.१ आर्थिक श्रोत:

संस्थाको आर्थिक श्रोत देहाय वमोजिम हुनेछ :

- सदस्यहरुबाट असूल उपर हुने आजीवन र वार्षिक सदस्यता शुल्क
- सदस्यहरुबाट असूल हुने सदस्यता आवेदन र प्रवेश शुल्क
- संस्थाले गर्ने वा गरेको कुनै काम वापत कुनै चन्दा, अनुदान प्राप्त हुन आएमा सो अनुदान रकम
- अन्य कुनै श्रोत

१५.२ आर्थिक संचालन

नगद रकमको कारोवार कार्यकारीणी समितिका अध्यक्ष वा महासचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरवाट कुनै बैंकमा खाता खोली संचालन हुनेछ ।

---

मिति २०६०/०४/०५ मा वसेको विशेष साधारण सभा द्वारा संसोधन गरिएको ।

## धारा १६ विधानमा संशोधन

यस विधानमा संशोधन गर्नको लागि १५ दिन अगावै सूचना दिई बसेको विशेष वा साधारण सभामा उपस्थित कम्तीमा दुई तिहाई (२/३) सदस्यको वहुमतले यस विधानको सवै वा कुनै अंश संशोधन गर्न सकिनेछ। यसको लागि सभाको गण पुरक संख्या कूल सदस्यहरुको कम्तीमा पचास (५०) अनिवार्य रुपले हुनु पर्नेछ। यसमा दफा १२.४ लागू हुने छैन। संसोधित विधान स्थानिय अधिकारीको स्विकृति लिई लागु हुनेछ।

## धारा १७ संस्थाको लेखा -परिक्षण

१७.१ लेखा-परिक्षण:

कार्यकारिणी समितिले संस्थाले भौचर तथा रसिद सहितको आम्दानी खर्चको नियमित श्रेस्ता खडा गर्नेछ र त्यसलाई सुरक्षित साथ राख्ने छ। प्रत्येक वर्ष तोकेको समय भित्र संस्थाको जायज्यथा, दायित्व तथा अन्य आवश्यक कुरा खोलिएको वासलात तयार पारी आगामी साधारण सभा हुनु अगावै गतवर्षको वार्षिक साधारण सभाद्धारा मनोनित लेखा-परिक्षकद्धारा लेखा-परिक्षण गराई सक्नु पर्नेछ। त्यसरी लेखा-परिक्षण भैसकेको वासलात साधारण सभा हुने कम्तिमा दुईहप्ता अगावै सवै सदस्यहरुको निरिक्षणका लागि खुल्ला राख्नु पर्नेछ। प्रत्येक वर्ष हिसाव कितावको लेखापरिक्षण प्रतिवेदन स्थानिय अधिकारी समक्ष पेश गरिनेछ।

१७.२ लेखापरिक्षण भैसकेको कागजातको व्यवस्था:

लेखापरिक्षण( भै सकेको हिसाव किताव र वासलात छलफल पारित तथा स्विकृतीका निमित आउँदो साधारण सभामा राखिने छ।

## धारा १८ निर्देशन दिन सक्ने अधिकार

कार्यकारिणी समितिले यससंस्थावाट तर्जुमा तथा पारित भएका आचार सहिँताको कुनै सदस्यवाट उल्लँघन गरेको देखिएमा उल्लँघन गर्ने त्यस्तो सदस्यलाई अर्को साधारण सभासम्म एक पटकमा ६ महिनालाई संस्थाको सदस्यतावाट निलम्वन गर्ने आदेश तथा निर्देशन दिनसक्ने छ। यसरी निलम्वित सदस्य निलम्वन अवधिभर मतदान गर्न पाउने अधिकार समेत अन्य सवै प्रकारका अधिकार र संस्थाले दिनसक्ने सुविधाहरुबाट वन्चित रहनेछ।

## धारा १९ विशेषधिकृत संसूचना

संस्थाका सदस्यहरु विच भए गरिएको संभाषण तथा अभिवचन (अभ्युक्ति) हरु सवै नै विशेषधिकृत संसूचना मानिने छन्, त्यसैले अभियोग्य ठहरिने छैनन्।

## धारा २० नियम बनाउने अधिकार

यस विधानको अधिनमा रहि कार्यकारिणी समितिले आवश्यक नियमहरु बनाउन सक्नेछ । सो नियमहरु साधारण सभाको बहुमतले पारित गरे पछि लागू हुनेछ ।

## धारा २१ राजिनामा र पदपूर्ति

क) कार्यकारिणी समितिका कुनै पदाधिकारी वा कार्यकारी सदस्यले आफ्नो पदबाट हटन चाहेमा राजिनामा दिन सक्नेछ ।

ख) कार्यकारिणी समितिका कुनै पदाधिकारी वा कार्यकारी सदस्यको राजीनामा कार्यकारिणी समितिबाट स्विकृत हुनु पर्नेछ

ग) कार्यकारिणी समितिका कुनै पदाधिकारी वा सदस्य जुन फर्म वा कंपनीको प्रतिनिधित्व गरेर आएको हो सो फर्म वा कम्पनीमा नरहेमा स्वत: सो पद वा सदस्यबाट हटने छन् । उक्त रिक्त रहेको पद वा सदस्यमा कार्यकारिणी समितिको दुई तिहाई (२/३) बहुमतको निर्णयले संस्थाका कुनै पनि सदस्यहरु मध्यबाट अर्को चुनाव नभए सम्मको लागि लिन सकिनेछ ।

घ) कार्यकारिणी समितिका कुनै पदाधिकारी वा सदस्य आफ्नो पदबाट राजीनामा दिई वा अन्य कुनै कारणले हटेमा पुन: सोहि फर्म वा कंपनीको प्रतिनिधि सोही पदमा वा सदस्यमा लिनु पर्ने अनिवार्यता रहने छैन ।

➔ङ)

## धारा २२ अविश्वासको प्रस्ताव

क) कार्यकारिणी समितिका कुनै पदाधिकारी वा कार्यकारी सदस्यको विरुद्ध कार्यकारिणी समितिका पदाधिकारी वा सदस्य गरी कम्तीमा पाँच (५) जना वा संस्थाका साधारण सदस्यहरुको एक तिहाई (१/३) सदस्यहरुले आफ्नो पद अनुसार आचरण नगरेको आधारमा अविश्वासको लिखित प्रस्ताव ल्याएमा संस्थाको विशेष साधारण सभा बढीमा २१ दिन भित्र बोलाई सो अविश्वासको प्रस्तावमा छलफल गर्नु पर्नेछ । विशेष साधारण सभाको दुई तिहाइ (२/३) बहुमतको निर्णयले अविश्वासको प्रस्ताव पारित गरेमा सो व्यक्ति आफ्नो पदमा रहन सक्ने छैन ।

ख) अविश्वासको प्रस्ताव राखिएको पदाधिकारी वा कार्यकारी सदस्यलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

ग) एक पटक राखेको अविश्वासको प्रस्तावको प्रस्ताव पारित हुन नसकेका एक वर्ष ननाघी सोही पदाधिकारी वा कार्यकारी सदस्य उपर पुन: अविश्वासको प्रस्ताव राख्न सकिने छैन ।

---

➔ मिति २०६०/०४/०५ बसेको विशेष साधारण सभाद्वारा झिकिएको ।

धारा २३    संस्थाको विघटन

२३.१    विशेष साधारण सभावाट हुने विघटन:

विघटनको प्रस्ताव राखि सबै सदस्यहरुको लागि पूर्वलिखित सूचनाद्धारा बोलाईएको विशेष साधारण सभामा संस्थाको कुल सदस्य संख्याको दुई तिहाई (२/३) सदस्यहरुको वहुमतले निर्णय गरेमा संस्थाको विघटन तुरुन्तै हुनेछ ।

२३.२    विघटन हुँदा कार्यकारिणी समितिको अधिकार:
संस्थाको विघटन गर्ने प्रस्ताव पारित भै सके पछि संस्था विघटनको जिम्मा कार्यकारिणी समितिले लिनेछ ।

२३.३    संस्थाको सम्पति बाँडफाँड:

संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकि वा, अन्य कुनै कारणवश संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा श्री ५ को सरकारमा सर्ने छ ,

२३.४    संस्थाको ऋण फछ्यौट:

संस्थाको विघटन भएतापनि विघटन प्रकृया समाप्त (वाइन्डिगअप) नहुन्जेल सम्म संस्थाको ऋण तथा अन्य दायित्वका निमित सदस्यहरु जिम्मेवार हुनेछन् । तर विधान अन्तर्गत वाध्यात्मक रुपले कुनै आर्थिक दायित्व पूरा गर्नु पर्ने पदहरको दायित्व पूरा भएको छ भने त्यस्तो सदस्यले दायित्व पूरा गरी सकेको मानिने छ ।

२३. ५    माथी जे लेखिएको भएता पनि संस्था दर्ता ऐन संग बाझिएको कुरा स्वत: निस्कृय हुने छ । नविकरण लगायतका काम कारवाही श्री ५ को सरकारको आ.व. अनुसार गरिने छ ।

# सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरुको शुल्क सम्वन्धि नियमावली

सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्महरुको संस्थाको विधान, २०४७ को धारा २० ले दिएको अधिकार प्रयोग गरी सो विधान बमोजिम गठित प्रथम साधारण सभाले मिति २०४७/०८/०४ मा शुल्क सम्वन्धी यो नियमावली वनाइए लागू गरिएको छ ।

१. आवदेन शुल्कः

सदस्यता प्राप्त गर्नुको लागि दिने दर्खास्तका साथसंलग्न हुनु पर्ने आवेदन शुल्क रु. एक सय (१००।-) वुझाउनु पर्नेछ ।

२ प्रवेश शुल्कः

सदस्यता निवेदनपत्र स्विकृत भएपछि प्रवेश शुल्क रु. एक हजार (१०००।-) वुझाउनु पर्नेछ ।

○३ वार्षिक सदस्यता शुल्कः-

प्रत्येक सदस्यले संस्थालाई वुझाउनु पर्ने वार्षिक सदस्यता शुल्क समितिले तोके वमोजिम हुनेछ ।

○४ आजिवन सदस्यता शुल्कः-

आजिवन सदस्यता शुल्क समितिले तोके वमोजिम हुनेछ ।

५. अन्य शुल्कः

समय समयमा कार्यकारिणी समितिले तोकेको अन्य शुल्कहरु सवै सदस्यहरुले वुझाउनु पर्नेछ ।

□ ६ अपरेशनल शुल्कः-

संस्थाका प्रत्यक सदस्यले अपरेशनल शुल्क वापत आफ्नो वार्षिक कारोवारको ०.०५% रकम वुझाउनु पर्ने छ ।

---

○ मिति २०६०/०४/०५ मा वसेको विशेष साधारण सभाले संसोधन गएिको ।
□ मिति २०६०/०४/०५ मा वसेको विशेष साधारण सभाले थप गरेको ।

सोसाइटी अफ आर्किटेक्चरल एण्ड इञ्जिनियरिङ्ग फर्महरुको संस्थाको विधान, २०४७ लाई संशोधन गर्न कार्य समितिद्वारा बिसौं बार्षिक साधारण सभा (२०६६/१०/०३) मा पेश गरेको बिषेश प्रस्ताव

मिति: १७ जनवरी २०१०

| १. हाल भैरहेको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| धारा ३.१० साधारण सभा भन्नाले यस विधान अन्तर्गत हुने साधारण सभालाई जनाउने छ जसमा सदस्य संगठन, फर्म वा कम्पनीको एक आधिकारीक प्रतिनिधिले आफ्नो संस्थामा निर्देशक वा साझेदार रही पूर्णकालिन काम गर्नेले मात्र प्रतिनिधित्व गर्ने छ र फर्मका अन्य निर्देशकहरु (Member of Board of Directors \ Proprietors\ Partners) समेतले साधारण सभाको छलफलमा भाग लिन पाउने छन् तर मतदान गर्न पाउने छैनन् । मानार्थ, एफिलेटेड सदस्य र एशोसिएट्स सदस्यहरुले सभा तथा अन्य छलफलमा भाग लिन पाउने छन् तर मतदानमा भाग लिन पाउने छैनन् । | धारा ३.१० साधारण सभा भन्नाले यस विधान अन्तर्गत हुने साधारण सभालाई जनाउने छ जसमा सदस्य संगठन, फर्म वा कम्पनीको एक आधिकारिक प्रतिनिधिले आफ्नो संस्थामा निर्देशक वा साझेदार रही पूर्णकालिन काम गर्नेले मात्र प्रतिनिधित्व गर्ने छ र फर्मका अन्य निर्देशकहरु (Member of Board of Directors \ Proprietors\ Partners) समेतले साधारण सभाको छलफलमा भाग लिन पाउने छन् तर मतदान गर्न पाउने छैनन् । मानार्थ र एफिलेटेड सदस्यहरुले सभा तथा अन्य छलफलमा भाग लिन पाउने छन् तर मतदानमा भाग लिन पाउने छैनन् । | एशोसियट्स सदस्यहरु को व्यवस्था हटाईएकोले । |
| २. धारा ६.१ सदस्यको योग्यता, परिभाषा र प्रतिनिधित्व<br>क) साधारण सदस्य: परामर्शदातृ संस्थामा कम्तीमा एकजना ग्र्याजुएट आर्किटेक्ट वा इन्जिनियर शेयरहोल्डर भई निर्देशकको रुपमा पूरा समय काम गरी रहेको हुनुपर्नेछ र सोही व्यक्तिले मात्र सो संस्थाको प्रतिनिधित्व गर्न सक्नेछ । पूरा समय काम गरेको भन्नाले हप्तामा ४० घण्टा कम्तीमा ५ दिन प्रचलित कार्यालय समय भित्र काम गर्ने व्यक्ति हुनु पर्नेछ । दफा ६.३ बमोजिम कार्यकारिणी समितिबाट स्वीकृत भएको आवेदक यस संस्थाको साधारण सदस्य हुनेछ ।<br>ख) एफिलेटेड सदस्य: प्रतिनिधित्व गर्ने व्यक्ति विशुद्ध आर्किटेक्ट वा इन्जिनियर नभई धारा ३.६(क) मा उल्लेख भएको आर्किटेक्ट वा | धारा ६.१ सदस्यको योग्यता, परिभाषा र प्रतिनिधित्व<br>क) साधारण सदस्य: सांधारण सदस्युहनको लागि परामर्शदातृ संस्थामा कम्तीमा एकजना ग्र्याजुएट आर्किटेक्ट वा इञ्जिनियर शेयरहोल्डर भई निर्देशकको रुपमा पूरा समय काम गरी रहेको हुनुपर्नेछ र सोही व्यक्तिले मात्र सो संस्थाको प्रतिनिधित्व गर्न सक्नेछ । पूरा समय काम गरेको भन्नाले हप्तामा ४० घण्टा कम्तीमा ५ दिन प्रचलित कार्यालय समय भित्र काम गर्ने व्यक्ति हुनु पर्नेछ । दफा ६.३ बमोजिम कार्यकारिणी समितिबाट स्वीकृत भएको आवेदक यस संस्थाको साधारण सदस्य हुनेछ । साधारण सदस्यको हकमा अनुसुची २ (क) मा उल्लेखित आर्किटैक्चरल तथा ईन्जिनियरिङ्ग परामर्श सेवाका साथै अनुसुचि २ (ख) मा उल्लेखित परामर्श सेवा प्रदान गर्न पाईने छ ।<br>ख) एफिलेयटेड सदस्य: परामर्शदातृ संस्थाको प्रतिनिधित्व गर्ने व्यक्ति विशुद्ध | आर्किटेक्चरल वा इञ्जिनियरिङ्ग का अतिरिक्त अन्य क्षेत्रका परामर्शदातृ संस्था लाईपनि समेटेर लैजाने हेतूले संशोधन गरिएको तर साधारण सदस्यता आर्किटेक्चरल वा इञ्जिनियरिङ्ग परामर्शदातृ संस्थालाई मात्र दिने तथा आर्किटेक्चरल वा इञ्जिनियरिङ्ग बाहेकका अन्य परामर्शदातृ संस्थालाई एफिलेयटेड सदस्यता मात्र दिने अभिप्रायले |

| | | |
|---|---|---|
| इञ्जिनियर वाहेक कुनै एक विषयमा विज्ञ (कम्तीमा स्नातक उपाधि प्राप्त गरेको ) भएको हुनुपर्नेछ । उक्त व्यक्ति संस्थाको पुरा समय काम गर्ने निर्देशक हुनुपर्नेछ । | आर्किटेक्चर वा इञ्जिनियरिङ्ग पेशा संग संबंधित नभई धारा ३.६(क) मा उल्लेख भएको आर्किटेक्चर वा इञ्जिनियरिङ्ग वाहेक कुनै एक विषयमा विज्ञ (कम्तीमा स्नातक उपाधि प्राप्त गरेको ) भएको हुनुपर्नेछ । उक्त व्यक्ति संस्थाको पुरा समय काम गर्ने निर्देशक हुनुपर्नेछ । एफिलियटेड सदस्यले अनुसुचि २ (क) मा उल्लेख भएका आर्किटेक्चरल वा इञ्जिनियरिङ्ग संवन्धि सेवा प्रदान गर्न पाउने छैन ।<br><br>एफिलेटेड सदस्यले अनुसुची २ (क) मा उल्लेखित आर्किटेक्चरल र ईन्जिनियरिङ्ग परामर्श सेवा बाहेक अनुसुची २ (ख) मा उल्लेखित विषयमा परामर्श सेवा प्रदान गर्न पाउने छन् ।<br><br>आर्किटेक्चरल वा इञ्जिनियरिङ्ग परामर्शदातृ संस्थालाई एफिलेयटेड सदस्य बनाइने छैन । हाल एफिलेटेड सदस्य बनेका त्यस्ता संस्थाले सदस्यता नवीकरण गर्दा साधारण सदस्यको सदस्यता लिने गरि योग्यता पुर्‍याउनु पर्नेछ र साधारण सदस्यताको लागि निवेदन दिनु पर्नेछ । | |
| | ग) प्रमाण पत्र, उपरोत्त व्यवस्था अनुसार सदस्यताको प्रकारलाई (साधारण वा एफिलेयटेड) स्पष्ट बनाउन हालको सदस्यताको प्रमाण पत्र खारेज गरि अनुसुचि (५) क र ख अनुसारको नयां प्रमाण पत्र बनाइने छ र त्यस्तो नयां प्रमाणपत्रमा सदस्यताको किसिम ( साधारण वा एफिलेयटेड) प्रष्ट उल्लेख गरिनेछ । तथा अनुसुची ४ (क) र (ख) का विषयहरुमा ईगित गरिनेछ । | |
| ३. हाल यस संस्थाको नाम नेपालीमा "सोसाइटि अफ कन्सल्टीङ्ग आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग फर्मस् तथा अग्रेजिमा 'Society of Consulting Architectural and Engineering Firms रहेको छ । | यस संस्थाको नाम नेपालीमा "नेपाल **परामर्शदात्री समाज**" तथा अग्रेजिमा नाम यथावत राख्ने साथै संस्थाको छाप यसै अनुसार हुनेछ । | नेपालीमा नाम सरलिकरण गर्नु परेकोले । |
| ४. हाल उल्लेख नभएको | नेपाल इन्जिनियरिङ्ग परिषद ऐन २०५५ को इन्जिनियरिङ्ग व्यवसाय संवंधि अनूसुचि अनूसार अर्किटेक्चरल तथा ईन्जिनियरिङ्ग विषयका | साधारण र एफिलेयटेड सदस्यहरुले प्रदान गर्न पाउने सेवाहरु उल्लेखन |

| | | |
|---|---|---|
| | परामर्श सेवाहरू उल्लेख गर्न आवश्यक भएकोले अनुसुचि ४ (क) ।<br><br>१. सिभिल इन्जिनियरिङ्ग<br>क. जनरल<br>ख. हाईवे<br>ग. स्यानीटरी<br>घ. विल्डिङ्ग एण्ड आर्किटेक्ट<br>ङ. इरिगेशन<br>च. हाइडोलोजी<br>छ. हाइडोपावर<br>ज. एअरपोर्ट<br>२. इलेक्टिकल<br>क. जनरल इलेक्टिकल<br>ख. एभिएशन इलेक्टिकल<br>३. इलेक्टोनिक एण्ड कम्युनिकेशन<br>४. मेकानिकल<br>क. जनरल मेकानिकल<br>ख. एभिएशन मेकानिकल<br>ग. निर्माण उपकरण संभार<br>घ. प्रोडक्सन इन्जिनियरिङ्ग<br>५. एरोनटिकल<br>६. माइनिङ्ग<br>७. केमिकल<br>८. मेटालर्जिकल<br>९. मेटोलोजी<br>१०. मेटेरियोलोजी<br>११. जियोलोजी<br>क. जनरल<br>ख. हाइडोजियोलोजी<br>ग. इन्जिनियरिङ्ग जियोलोजी<br>१२. सिभिल एभिएशन अपरेशन एण्ड इन्जिनियरिङ्ग<br>क. सिभिल एभिएशन अपरेशन<br>ख. फ्लाईट अपरेशन<br>ग. एभिएशन फायर सर्भिसेज<br>१३. सर्भे<br>१४. केमेष्टी<br>१५. एग्री इरिगेशन इन्जिनियरिङ्ग<br>१६. टेक्साइल इन्जिनियरिङ्ग<br>१७. कम्प्युटर इन्जिनियरिङ्ग<br>१८. इलेक्टोनिक्स एण्ड कम्प्युटर साइन्स<br>१९. इन्भाइरोमेन्टल इन्जिनियरिङ्ग<br>२०. अटोमोबाइल इन्जिनियरिङ्ग<br>२१. इण्डष्टियल इन्जिनियरिङ्ग | गर्न आवश्यक भएकोले |

| | | |
|---|---|---|
| | २२. इन्डस्टियल एण्ड प्रोडक्सन इन्जिनियरिङ्ग<br>२३. रेडियो इन्जिनियरिङ्ग<br>२४. सिष्टम इन्जिनियरिङ्ग<br>२५. अटोमेशन इन्जिनियरिङ्ग<br>२६. बेचलर अफ अर्बान एण्ड फिजिकल प्लानिङ<br>२७. जियोटेक्निकल इन्जिनियरिङ्ग<br>२८. फरेष्टी इन्जिनियरिङ्ग<br>२९. एग्रिकल्चर इन्जिनियरिङ्ग<br>३०. इनर्जी इन्जिनियरिङ्ग<br>३१. इन्फरमेशन टेक्नोलोजी एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ्ग<br>३२. अर्थक्वेक इन्जिनियरिङ्ग<br>३३. आर्किटेक्ट इन्जिनियरिङ्ग<br>३४. इलेक्टिक एण्ड इलेक्टिोनिक्स इन्जिनियरिङ्ग<br>३५. इलेक्टिोनिक्स एण्ड पावर इन्जिनियरिङ्ग<br>३६. इलेक्टिोनिक इन्जिनियरिङ्ग<br>३७. इलेक्टिोनिक्स एण्ड इन्स्टूमेन्टेशन<br>३८. इभियोनिक्स इन्जिनियरिङ्ग<br>३९. म्यानूफ्याक्चरिङ्ग साइन्स एण्ड इन्जिनियरिङ्ग<br>४०. इलेक्टोनिक्स एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ्ग<br>४१. साउण्ड एण्ड भिडियो इन्जिनियरिङ्ग<br>४२. साउण्ड इन्जिनियरिङ्ग<br>४३. इण्डष्टियल इलेक्टोनिक्स इन्जिनियरिङ्ग<br>४४. सफ्टवेयर इन्जिनियरिङ्ग<br>४५. इन्स्टुमेन्टेशन इन्जिनियरिङ्ग<br>४६. इन्फरमेसन टेक्नोलोजी<br>४७. इन्फरमेसन साइन्स एण्ड इन्जिनियरिङ्ग<br>४८. बायोमेडिकल इन्जिनियरिङ्ग<br>४९. माथि उल्लेखित विषय बाहेक समय समयमा तोकिएका अन्य विषयहरू<br><br>अनूसूचि ४ (ख)<br><br>अनूसूचि २ (ख) एफिलेटेड सदस्यले परामर्श सेवा प्रदान गर्न पाउने विषयहरू<br><br>१. व्यवस्थापन, संरचनात्मक, सांगठनिक तथा तत्सम्वन्धि<br>२. अर्थ शास्त्र तथा तत्सम्वन्धि<br>३. समाज शास्त्र तथा तत्सम्वन्धि<br>४. तथ्याङ्ग शास्त्र तथा तत्सम्वन्धि | |

| | | |
|---|---|---|
| | ५. बनबिज्ञान तथा तत्सम्वन्धि<br>६. लेखा (फाइनान्स) संवंधि<br>७. माथि उल्लेखित वाहेक समय समयमा तोकिएका इन्जिनियरिङ्ग वाहेकका अन्य बिषय वा क्षेत्रहरु | |

# सोसाइटी अफ कन्सल्टिङ्ग आर्किटेक्चरल एण्ड ईन्जिनियरिङ्ग फर्मस् (SCAEF)

## विधान संशोधन सम्बन्धी तीनमहले विवरण

साधारण सभा भएको मिति : २०७९।०९।२९   कुल सदस्य संख्या : १८२   उपस्थिति सदस्य संख्या : १२२   उपस्थिति प्रतिशत : [illegible]

| सि.नं. | विधानको धारा | बिधमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | पुरा विधानमा | "श्री ५ को सरकार" शब्दको सट्टामा | "नेपाल सरकार" कायम रहनेछ । | विद्यमान संवैधानिक व्यवस्था अनुकुल बनाउनु पर्ने भएकोले । |
| २ | पुरा विधानमा | "नेपाल अधिराज्य" शब्दको सट्टामा | "नेपाल राज्य" कायम रहनेछ । | विद्यमान संवैधानिक व्यवस्था अनुकुल बनाउनु पर्ने भएकोले । |
| ३ | धारा ३.८ परिभाषा | "समिति" भन्नाले यस संस्थाको कार्यकारीणी समिती भन्ने जनाउँछ । | केन्द्रिय कार्यकारीणी समिति भन्नाले विधानको धारा ८.१ बमोजिम गठित केन्द्रिय कार्यकारीणी समिती सम्झनु पर्दछ । | समितिको परिभाषा स्पष्ट पारिएको |
| ४ | धारा ४(१.क) | उल्लेख नभएको | यो संस्था मुनाफारहित, जनहितकारी सामाजिक संस्था हुनेछ । | उद्धेश्य थप गरी उल्लेख गरिएको |
| ५ | धारा ७.२(ख) | प्रत्येक सदस्यले बुझाउनु पर्ने भनि तोकिएको सम्पूर्ण शुल्कहरु मार्च ३१ सम्म बुझाई सक्नु पर्नेछ । सो समयावधि भित्र नबुझाएमा अप्रिल १ देखि जुन ३० सम्म बुझाउनेलाई १० प्रतिशत जरिवाना सहित शुल्क लाग्नेछ । सेप्टेम्बर महिनाको अन्तिम दिनसम्म जम्मा १५ प्रतिशत जरिवाना सहित शुल्क बुझाउन सकिनेछ, सो नबुझाएमा अक्टोबर देखि सदस्यता सस्पेण्ड गरिनेछ । सस्पेण्ड भएको समयमा निजको संस्थामा कुनै अधिकार रहने छैन र संस्थाबाट कहीकतै प्रतिनिधित्व गर्न पाउने छैन । | प्रत्येक सदस्यले बुझाउनु पर्ने भनि तोकिएको सम्पूर्ण शुल्कहरु जुलाई १५(असार मसान्त) सम्म बुझाई सक्नु पर्नेछ । सो समयावधि भित्र नबुझाएमा अगस्ट १५ सम्म बुझाउनेलाई १० प्रतिशत जरिवाना सहित शुल्क लाग्नेछ । सेप्टेम्बर महिनाको अन्तिम दिनसम्म जम्मा १५ प्रतिशत जरिवाना सहित शुल्क बुझाउन सकिनेछ, सो नबुझाएमा अक्टोबर देखि सदस्यता निलम्बन गरिनेछ । निलम्बन भएको अवधि भरे संस्थामा निजको कुनै अधिकार रहनेछैन र संस्थाबाट कहिंकतै प्रतिनिधित्व गर्न पाउने छैन् । | नवीकरण गर्ने समयावधि र शुल्क सम्वन्धी व्यवस्था सुस्पष्ट गरिएको |

| | | | | |
|---|---|---|---|---|
| ६ | धारा ८. | कार्यकारिणी समिती | केन्द्रिय कार्यकारिणी समिती | समितीको परिभाषा हेरफेर गरी केन्द्रिय कार्यकारिणी समिती कायम गरिएकोले । |
| ७ | धारा ८.१ | कार्यकारिणी समितीको गठनः<br>संस्थाको दैनिक तथा अन्य कारोबारका लागि निम्नलिखित पदाधिकारी सहितको एक कार्यकारिणी समिति रहनेछ ।<br>अध्यक्ष १<br>उपाध्यक्ष १<br>महासचिव १<br>सहसचिव १<br>कोषाध्यक्ष १<br>सदस्यहरु ४<br>जम्मा ९<br>संस्थाको साधारण पदावधी समाप्त भएको कार्यकारी समितिका अध्यक्ष र महासचिव नयाँ कार्यकारिणी समितिको कुनै पदमा निर्वाचित नभएता पनि नयाँ कार्यकारिणी समितिमा पदेन सदस्य हुनेछन् । यस्तो परिस्थितिमा कार्यकारिणी समितिमा पदाधिकारीहरु लगायत कूल ११ सदस्य हुनेछन् । | संस्थाको दैनिक तथा अन्य कारोबारका लागि निम्नलिखित पदाधिकारी सहितको एक केन्द्रिय कार्यकारिणी समिति रहनेछ ।<br>अध्यक्ष १<br>उपाध्यक्ष १<br>महासचिव १<br>उपमहासचिव १<br>कोषाध्यक्ष १<br>सदस्यहरु ६<br>जम्मा ११<br>संस्थाको साधारण पदावधी समाप्त भएको केन्द्रिय कार्यकारीणी समितिका अध्यक्ष र महा-सचिव नयाँ केन्द्रिय कार्यकारिणी समितिको कुनै पदमा निर्वाचित नभएता पनि नयाँ केन्द्रिय कार्यकारिणी समितिमा पदेन सदस्य हुनेछन् । यस्तो परिस्थितिमा केन्द्रिय कार्यकारिणी समितिमा पदाधिकारीहरु लगायत कूल १३ सदस्य हुनेछन् । | कार्यकारिणी समितिमा सदस्य संख्या थप गर्नु आवश्यक भएकोले । |
| ८ | धारा ८.५ केन्द्रिय कार्यकारिणी समितीको उमेदवारको योग्यता : | (क) (ख) (व्यवस्था नभएको, थप गरिएको) | केन्द्रिय कार्यकारिणी समितिमा उम्मेद्वार हुन देहाय बमोजिम योग्यता पुगेको हुनु पर्दछ ।<br>(क) संस्थागत सदस्यको योग्यता :<br>१. केन्द्रिय कार्यकारिणी समितिको पदाधिकारी ( अध्यक्ष, उपाध्यक्ष, महासचिब, कोषाध्यक्ष, उपमहासचिब) पदको उमेदवार हुनको लागि संस्था (SCAEF)को सदस्य भएको कम्तिमा ६ बर्ष पुरा भएको हुनु पर्नेछ । | उम्मेद्वारको योग्यता निर्धारण गर्नु आवश्यक भएकोले सो सम्बनधी व्यवस्था थप गरिएको |

२. केन्द्रिय कार्यकारीणी समितिको सदस्य पदको उम्मेदवार हुनको लागि संस्थाको सदस्य भएको कम्तिमा ४ बर्ष पुरा भएको हुनुपर्नेछ । तर व्यक्तिगत योग्यता पुगेको कुनै व्यक्ती नयाँ संस्था मार्फत प्रतिनिधि भई आएमा संस्थागत योग्यताले कुनै बाधा पुर्याउने छैन ।

**(ख) व्यक्तिगत सदस्यको योग्यता :**

१) केन्द्रिय कार्यकारीणी समितीको अध्यक्ष हुनको लागि कम्तिमा २० बर्षको पेशागत अनुभव भई केन्द्रिय कार्यकारीणी समितिको पदाधिकारी भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।

२) केन्द्रिय कार्यकारीणी समितीको उपाध्यक्ष हुनको लागि कम्तिमा १५ बर्षको पेशागत अनुभव भई केन्द्रिय कार्यकारीणी समितिको सदस्य भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।

३) केन्द्रिय कार्यकारीणी समितीको महासचिब हुनको लागि कम्तिमा १५ बर्षको पेशागत अनुभव भई केन्द्रिय कार्यकारीणी समितिको सदस्य भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।

४) केन्द्रिय कार्यकारीणी समितीको उप महासचिब हुनको लागि कम्तिमा १२ बर्षको पेशागत अनुभव भई केन्द्रिय कार्यकारीणी समितिको सदस्य भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।

५) केन्द्रिय कार्यकारीणी समितीको कोषाध्यक्ष हुनको लागि कम्तिमा १२ बर्षको पेशागत अनुभव भई केन्द्रिय कार्यकारीणी समितिको

| | | | | |
|---|---|---|---|---|
| | | | सदस्य भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।<br>३) केन्द्रिय कार्यकारीणी समितीको सदस्य हुनको लागी कम्तिमा १० बर्षको पेशागत अनुभव भई केन्द्रिय कार्यकारीणी समितिले गठन गरेको उप समितिमा रही एक कार्यकाल काम गरेको हुनुपर्नेछ । | |
| ९. | १२.२ | कार्यकारिणी समितिको गणपुरक संख्या: कार्यकारिणी समितिको बैठकको निम्ति समितिका कूल सदस्यको ५० प्रतिशत उपस्थिति भएमा गणपुरक संख्या पुगेको मानिनेछ । | केन्द्रिय कार्यकारिणी समितिको बैठकको निम्ति समितिका कूल सदस्यको ५१ प्रतिशत उपस्थिति भएमा गणपुरक संख्या पुगेको मानिनेछ । मनासिव कारण सहितको अग्रिम लिखित सूचना विना समितिको ३ वटा बैठकमा लगातार अनुपस्थित रहेमा त्यस्तो पदाधिकारी तथा कार्यसमिति सदस्यलाई कार्यसमितिको निर्णय बमोजिम निलम्बन वा पदाधिकारीको हैसियतमा नरहने गरी हटाउन सक्नेछ । तर सो निर्णय गर्नुपुर्व निजलाई सफाइको मौका प्रदान गरिनेछ । | बहुमतको निर्णय मान्य हुने गरी गणपुरक संख्या कायम गरिएको तथा बैठकमा नियमित रुपमा उपस्थित हुने गरी अनुशासन सम्वन्धी व्यवस्था गर्न |

| | | | | |
|---|---|---|---|---|
| १०. | १६ | यस विधानमा संशोधन गर्नको लागि ७ दिन अगाडै सूचना दिइ बसेको विशेष वा साधारण सभामा उपस्थित सभाका दुइ तिहाइ सदस्यहरुको बहुमतले यस विधानको सब कानुन संशोधन गर्न सकिनेछ। यसको लागि सभाको गणपुरक संख्या कुल सदस्यहरुको कम्तिमा पचास (५०) [illegible] अनिवार्य रुपले हुनुपर्नेछ। यसमा दफा १२.४ लागू हुने छैन। संशोधित विधान स्थानीय अधिकारीको स्वीकृत लिई लागू हुनेछ। | कुल सदस्य संख्याको शुद्ध (दुइ तिहाइ) साधारण सभाका सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुन दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष विचारार्थ पठाउनु पर्नेछ। स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको [illegible] दफा संशोधन [illegible] भएको मानिनेछ। | संस्था दर्ता ऐन २०३४ बमोजिम मिलाउनु आवश्यक नभएको। |